# भूमिअधिकार

वर्ष ९, पूर्णाङ्क २५, २०६८ असार (July 2011)


*गतिधिवि* १९



**बजेटमा भूमि .............**

**असमानता, विभेद, शोषण, उत्पीडन र अन्यायबाट आम जनतालाई मुक्त गरी सामाजिक न्याय र समावेशी परिपाटीमा आधारित आर्थिक सामाजिक संचरनाको आधारशीला खडा गर्न भूमिलगायत् उत्पादनका स्रोत र साधनमा गरिब तथा विपन्न वर्गको स्वामित्व एवं पहुँच बढाउने** ................................७

*भूमिअधिकार उल्लङ्घन घटना* १७





३

नेपालमा भूमि सुधारका प्रयास र आयोगका सुझाव ............ ३

सरकारको आर्थिक वर्ष २०६८/६९ को नीति, कार्यक्रम तथा बजेटमा भूमि, गरिबी र कृषिसम्बन्धी व्यवस्था ............ ७

सङ्गठनका अगुवाको लेखाई-पढाई ............ ८

हेकुली गाविसले देखाएको बाटो ............ १०

यसरी झुकाए छिमेकको भूमि आन्दोलन किसानले सरकारलाई ............ ११

अन्ततः बिर्ता जग्गा रैकर भयो ............ १२

किसान नेता राधाकृष्ण थारू ............ १४

यस्तो छ हालचाल सेमरी घुम्ती गाउँ भूमि अधिकार मञ्चको ............ १५

दलितका सम्बन्धमा आँखा खोल्ने पुस्तक ............ १६

राष्ट्रिय भूमि अधिकार मञ्च, नेपाल दोस्रो राष्ट्रिय परिषद्, २०६८ को घोषणापत्र ............ २६

टिपनटापन ............ २८

सत्य र सहयोगले दिएको खुशी ............ ३०

**प्रकाशक:**

**सामुदायिक आत्मनिर्भर सेवा केन्द्र**

पो.ब.नं : १९७९०, धापासी, काठमाडौं, नेपाल

फोन : ९७७-०१-४३६०४८६, ४३५७००५, फ्याक्स : ४३५७०३३

E-mail : landrights@csrcnepal.org, Website : www.csrcnepal.org

# विस्थापन र बेदखली रोक

भूमि अधिकारबाट वञ्चितहरूले गरेका राजधानी केन्द्रित आन्दोलनका क्रममा गत चैत ८ गते उपप्रधान एवम् गृह मन्त्री कृष्णबहादुर महराले आन्दोलनकारीसमक्ष सरकारले वैकल्पिक व्यवस्थाविना बसिरहेको जमिनबाट उठाउने कार्य रोक्न पत्र पठाइहाल्ने आश्वासन दिएका थिए । उनले स्थानीय विकास मन्त्रालय, वन मन्त्रालय तथा जिल्ला प्रशासन कार्यालयहरूमार्फत् यस्तो कार्य रोकिहाल्ने प्रतिबद्धता जनाएका थिए ।

यसपछि पनि यस्ता काम रोकिएका छैनन् । भूमिहीन र सुकुम्बासीहरूलाई बसिरहेको स्थानबाट स्थानीय प्रशासन, वन कार्यालय, जमिनदार तथा आरक्षहरूले उठाउने कार्य भइरहेको छ । कुन रात, कुन झरी, कुन झिसमिसे, कुन घाम, कुन खाना खाने बेला, केही नभनी उनीहरू बस्ती



उठाउन प्रतिस्पर्धाकै रूपमा लागिपरेका छन् । खासगरी महिला र बालबालिका घरमै हुने भएकाले यो कुकार्यबाट यिनीहरूले निकै सास्ती बेहोर्नु परिरहेको छ ।

मधुवनी, मानमटेरिया-४, रूपन्देहीका रामसुमेर भर २०२८ सालदेखि करिव १८ कट्ठा ऐलानी जग्गा जोतभोग गर्दै आएका थिए । अहिले गाउँलेले त्यहीँ रहेको सोमै थानको मन्दिरसँगै राधाकृष्ण र रामजानकी मन्दिर बनाउने भनी ७ कट्ठा जग्गा खोसेका छन् । त्यही जग्गाको कमाइले परिवार पाल्दै आएका उनी यही कारण विस्थापित हुनुपर्ने अवस्थामा छन् ।

गएको वैशाखमा मात्र रफेना-२, बाँकेकी जगरानी थारूले पुस्तौंदेखि जोतिरहेको जमिन छोड्नुपरेको छ । स्थानीय जग्गावाल छविलाल बेसीले उक्त जमिन आफ्नो भन्दै जगरानीलाई त्यसबाट हटाएका हुन । जबकि यो जमिन ऐलानी हो । २०६८ को जेठमा मात्र बर्दियाको मैनापोखर-६ बाट ज्ञानुशमशेर राणाले आफ्नो जमिनमा खेती गर्न पाउँदैनौ भन्दै २ विघा जमिन खोसेका छन् । जसबाट सरस्वती थारूलगायत्का १० परिवारको रोजीरोटी खोसिएको छ । यसैगरी चैतमा मात्र सप्तरीको वदगामा गाविस भोडाहा टोलका १४ घर मुसहर बसिरहेको बस्तीमा कोशी टप्पु वन्यजन्तु आरक्षले प्रहरी लगाएर बस्ती जलायो । त्यसको केही हप्ता नबित्दै सर्लाहीको जानकीनगरमा वन कार्यालयले आगजनी गऱ्यो । त्यस्तै वैशाखमा धनुषाको चारखोला र जेठमा सर्लाहीको कर्मैयामा सयौं भूमिहीनलाई उठिबास गरिएको छ । यी त केही उदाहरणमात्र हुन् ।

यसरी हेर्दा देखिन्छ कि ऐलानी वा निजी जमिनबाट हटाउनेदेखि मन्दिर र व्यक्तिको स्वार्थका लागिसमेत गरिबको गुजारामाथि धावा बोल्ने काम भइरहेको छ । वर्षौंदेखि जमिन कमाए पनि उनीहरूलाई स्वामित्वबाट वञ्चित गराएकाहरूले मोहियानी हक दिनुपर्ने त्रासले जोताहालाई निकाल्ने काम भइरहेको छ । बाँझो जमिनमा खेती गरेर अन्न उब्जाउने किसानलाई जग्गाबाट पन्छाइँदैछ । घरबारबाट उठिबास लगाउने कामले उनीहरूको विचल्ली भइरहेको छ । तर न बिचल्ली गराउनेहरू, न त यसबाट उनीहरूलाई सुरक्षा प्रदान गर्नुपर्ने सरकार नै यसमा चासो देखाइरहेको छ ।

यस्तो अवस्थाले एकातिर सरकारी प्रतिबद्धता हावादारी सावित भएको छ भने अर्कोतिर भूमिहीन वा भूमि अधिकारबाट वञ्चितहरू थप पीडा बेहोर्न बाध्य भएका छन् । जसबाट सरकारप्रतिको उनीहरूको विश्वासमा धमिरा लागेको छ । जिल्लास्थित सरकारी अड्डालाई उनीहरू 'त्रास अड्डा' का रूपमा बुझ्न बाध्य छन् । अनि यही कारण भूमि शब्द जोडिएका कार्यालयहरूलाई 'जमिनदार पोस्ने कार्यालय' का रूपमा लिन बाध्य पारिएका छन् ।

यस्तो अवस्थामा उनीहरूले यो सरकारलाई पनि पटकपटक सम्झौता गरेर पनि कार्यान्वयन नगर्ने विगतका सरकारहरूभन्दा फरकरूपमा स्वीकार गर्न सकेका छैनन् । जबकि चैत ८ गते माग पूरा गराउन राजधानीमा धर्नारत् भूमिहीनको विशाल पङ्क्तिबीच उपप्रधान मन्त्रीले आफूले यहाँ भनेका कुरा पूरा हुने प्रतिबद्धता व्यक्त गरेका थिए । जुन प्रतिबद्धतामा विश्वास गर्दै उनैको आग्रहमा इमानदारीसाथ आन्दोलनकारीले कार्यक्रम फिर्ता लिएका थिए ।

यस अर्थमा सम्झौताको मसी नसुक्दै सरकारी प्रतिबद्धताविपरित कार्य हुनु भूमि अधिकारबाट वञ्चितहरूमाथि ठूलो अन्याय हो । उनीहरूमाथि कठोर विश्वासघात हो । अनि उनीहरूलाई पुनः आन्दोलनमा उत्रन बाध्य पार्ने कारण हो । त्यसैले उपप्रधान मन्त्री जस्तो जिम्मेवार व्यक्तिले गरेको प्रतिबद्धता तत्कालै लागू गर्ने तथा उक्त परिपत्रविपरित काम गर्नेलाई दण्ड सजाय गर्ने काम ढिलो नगरियोस् । ■



# नेपालमा भूमि सुधारका प्रयास र आयोगका सुझाव

भूमिबाट लिइने कर नै राज्यको प्रमुख आयस्रोत भएका बेला भूमि सुधार शब्द यही कर घटाउने/बढाउने वा कसलाई कसरी कमाउन दिने भन्नेमा केन्द्रित रहन्थ्यो । खासगरी राणा शासनको अन्त्यसम्म करिब करिब यही अवस्था कायम रह्यो । भूमिलाई उब्जाउका आधारमा वर्गीकरण गर्ने र त्यसका आधारमा कर तोक्ने अनि त्यही करबाट राज्य सञ्चालन गर्ने काम कैयौं वर्ष चल्यो ।

समय बित्दै जाँदा जनसङ्ख्या बढ्दै गयो । खाद्यान्न र जीविकाको एकमात्र स्रोत जमिनप्रति लगाव र रुचि बढ्नु बाध्यता बन्यो । यही कारण जमिनसँग जोडिएका किचलो पनि बढ्दै जान थाले । जमिनकै आधारमा असन्तुष्टि र द्वन्द्व बढ्न थाल्यो । र, विभिन्न स्थानमा कृषक आन्दोलनहरु भए । जसले तत्कालीन शासनसत्तासमेत हल्लाएको थियो । यही कारण हो, जसले भूमिमा रहेको असमान वितरण र यहीमाथि जीविका निर्वाह गर्ने विशाल पङ्क्तिलाई ध्यानमा राखेर सरकारहरुले केही गर्नैपर्ने भयो । जसलाई भूमि सुधार शब्द जोडेर लागू गरिए । कतिपय घोषणामै सीमित भए । खासगरी राणशासनको अन्त्यसँगै अर्थात् वि.सं. २००७ को राजनीतिक परिवर्तनपछि भूमि सुधारका केही प्रयास भएका पाइन्छ ।

यसपछि भूमि स्रोतलाई व्यवस्थित राख्न गरिएका प्रयासमा 'बिर्ता उन्मूलन ऐन, २०१६', 'जग्गा नाप जाँच ऐन, २०१९', 'भूमिसम्बन्धी ऐन, २०२१', 'चरन क्षेत्र राष्ट्रियकरण ऐन, २०३१', 'गुठी संस्थान ऐन, २०३३', 'भूमि अधिग्रहण ऐन, २०३४', 'मालपोत ऐन, २०३४' आदिको निर्माणलाई लिन सकिन्छ । लथालिङ्गे अवस्थाको भूमि व्यवस्थापनलाई यसले एउटा धारमा ल्याउन सकेको थियो । तर त्यो सबै किसानकै वा जोताहकै पक्षमा भने थिएनन् ।

२००८ सालमा 'भूमिदारी अधिकार प्राप्ति कानुन मस्यौदा २००८' लागु गरि काठमाडौं उपत्यकाभित्रका मोहीको सूची तयार गरिएको थियो । यसैगरी २००८ सालमा गठित 'भूमि जाँच कमिसन' ले पनि विभिन्न जिल्लामा पुगी मोहीको लगत लिने कार्य गरेको थियो । मोहीलाई अर्को नापनक्सा नहुन्जेल बेदखल गर्न नपाइने र मोहीबाट कुत बुझेपछि जग्गावालले तिरो बुझेको भर्पाइ लिनु/दिनुपर्ने सिफारिस अर्को महत्वपूर्ण कार्य थियो । जसले गर्दा किसानलाई झुक्याएर तमसुक गराउने, मोहियानी हक नदिने जस्ता कुकार्य कम भएका थिए ।

त्यसैगरी २०१२ सालमा तत्कालीन राजा महेन्द्रबाट घोषित भूमि सुधारसम्बन्धी १३ सूत्रीय योजनामा कुत निर्धारण, ब्याज दश प्रतिशतभन्दा बढी लिन नपाइने, जग्गाधनी र मोहीबाट कोष खडा गर्ने, पर्ती जग्गा सुकुम्बासीलाई दिने जस्ता प्रावधान उल्लेख थिए ।

'जग्गा र जग्गा कमाउने लगत खडा गर्ने ऐन, २०१३' मा गाउँ समितिमार्फत् पटवारीले जग्गा कमाउनेको लगत राख्ने, मोहीहरूको लगत खडा गर्न फाराम भर्ने, कुत तथा अन्य दायित्व तोक्ने आदि व्यवस्था गरिएको थियो भने 'भूमिसम्बन्धी ऐन, २०१४' ले खास जग्गा जोत्ने व्यक्तिलाई मोही मान्ने व्यवस्था गरेको थियो । त्यसैगरी २०१६ सालमा जारी 'बिर्ता उन्मूलन ऐन' ले राज्यकर नतिरी जग्गा भोग गर्ने सामन्ती प्रथा अन्त्य गर्ने व्यवस्था गरेको थियो । तर

विडम्बनाचाहिँ के छ भने बिर्ता उन्मूलन भएको ५१ वर्ष बितिसक्दा पनि बिर्ता जग्गाको समस्या भने अझै छ ।

अनि यी सबै पृष्ठभूमिमा आधारित 'भूमिसम्बन्धी ऐन, २०२१' ले अहिलेसम्मको भूमि व्यवस्था धानेको छ । २०२१ सालदेखि २०२३ सालसम्म तीन चरणमा लागू भएको यो कार्यक्रम पहिले १६ जिल्ला, अनि २५ जिल्ला र त्यसपछि ३४ जिल्लामा लागु गरिएको थियो । देशको भूमि सुधारको नीतिमा परिवर्तन ल्याई कृषि उत्पादन बढाउनु, खेतीयोग्य जमिनको समान वितरण गर्नु, खास जोताहा किसानलाई आवश्यक प्रविधि तथा स्रोत प्रदान गरी उत्पादन वृद्धि गर्दै उनीहरूको जीवनस्तर उकास्नु, कृषि क्षेत्रमा अड्किएको अनुत्पादक पुँजी र मानवीय स्रोतलाई अन्य आर्थिक क्षेत्रमा लैजानु जस्ता उद्देश्य ऐनमा उल्लेख थियो ।

खासगरी 'भूमिसम्बन्धी ऐन २०२१' ले देशभरि नै भूमिको वितरण र व्यवस्थापनमा केही सकारात्मक प्रभाव भने पारेको थियो । हुन त तत्कालीन राजा महेन्द्रले शासनसत्ताविरुद्ध आक्रोश फैलाइरहेका कृषकलाई आफूतिर आकर्षित गरेर केही समयका लागि भए पनि सत्ता लम्ब्याउने उद्देश्यले यो ऐन बनाउन लगाएको भए पनि अरुको जग्गा जोती एक मुख्य बाली बुझाई भर्पाई लिएकाले मोहियानी हक पाउनेबारे स्पष्ट बोलेकाले धेरै जोताहालाई यसले फाइदा पुऱ्यायो ।

हदबन्दी तोक्ने र त्यसबाट प्राप्त जग्गा भूमिहीन गरिबलाई वितरण गर्ने नीति यो ऐनको थियो । त्यसैगरी २०२१ सालअगाडिसम्म सरकारको पक्षबाट जमिनदारले जग्गाको राजस्व उठाउने र भूमि प्रशासन कार्य गर्ने गरेकामा त्यसलाई यो ऐनले उन्मूलन गऱ्यो । जमिनदारी भनिने यो प्रथा अन्तसँगै कित्ता नापीको कार्य चालू गरियो । साथै सित्तैंमा जमिनदारको काम

# ६ प्रश्न भूमि आयोगका अध्यक्षहरूसँग

**तपाईको प्रतिवेदनका मुख्य विशेषता के के हुन ?**



**केशव बडाल–** यो प्रतिवेदन भूमिसँग मात्र गाँसिएको छैन । बेदर्तावाल, गुठी, चक्लाबन्दी, सिचाई, सडक, कृषि, सहकारी, श्रमिकको हित जस्ता थुप्रै विषयमा यो प्रतिवेदनले बोलेको छ । जसमध्ये एउटामात्र छाडियो भने पनि भूमि सुधार सफल हुन सक्दैन । यो प्रतिवेदन कसैको विरुद्धमा छैन । सबैको हितमा छ । हाम्रो जस्तो विशिष्ठ परिवेशमा यो सारै उपयुक्त छ । वनलाई पनि कृषिसँग गाँसिएको छ । पानीको प्रयोगबारे उल्लेख छ । यो सर्वसम्मत दस्तावेज पनि हो । त्यतिबेलाको साधन स्रोतको अभावका बेला पनि यत्तिको प्रतिवेदन तयार हुन सक्नु कम महत्वपूर्ण विषय हैन ।

**घनेन्द्र बस्नेत–** मुलुकमा १४ लाख भूमिहीन र सीमान्त परिवार छन् । यिनले भोगिरहेका समस्याबारे यो प्रतिवेदनले स्पष्ट पारेको छ । उनीहरुका समस्या किन राज्यले सम्बोधन गर्नुपर्छ भन्नेबारे यसमा प्रष्ट छ । यिनका लागि भूमि वा वैकल्पिक रोजगार दिनुपर्ने सुझाव पनि प्रतिवेदनले दिएको छ । जमिनमा जथाभावी प्लटिङ रोक्नुपर्ने कुरा यसले गरेको छ । हदबन्दीभन्दा बढीको जग्गा प्राथमिकताका आधारमा दलित, जनजाति र महिलालाई उपलब्ध गराउने सुझाव यसले दिएको छ । समस्या यस्तो जटिल भएकाले यसलाई सम्बोधन नगरे कहिल्यै पनि द्वन्द्व नसकिनेबारे यसले प्रष्ट्याएको छ । आर्थिक, सामाजिक उन्नतिसमेत अवरुद्ध हुनेबारे यसले सचेत गराएको छ ।

**हरिबोल गजुरेल–** यो प्रतिवेदन मौलिक ढङ्गले नै फरक छ । क्रान्तिकारी छ । सामन्ती उत्पादन बदल्नेखालको छ । कृषि र उत्पादन प्रणालीमा आमूलरुपमा परिवर्तन गर्नुपर्छ भनेको छ । यसले आधारभूत वर्गलाई उत्साहित बनाएको छ भने मध्यम वर्गलाई आशावादी र प्रतिगामीलाई निराशावादी बनाएको छ । नयाँ उत्पादन सम्बन्धका लागि पुरानो उत्पादन सम्बन्ध बाधक छ भन्ने कुरा यसले प्रष्ट्याएको छ । उत्पादन शक्तिलाई बढावा दिइएको छ ।

**अरू प्रतिवेदनभन्दा के फरक छ तपाईको प्रतिवेदनमा ?**

**बडाल–** मैले अरु प्रतिवेदन खासै अध्ययन गर्न पाएको छैन । तर योचाहिँ व्यावहारिक छ । समस्याको चुरोसम्म पुगेको छ । समस्या र समाधान दुवै औल्याउन सफल छ । सबैमा यस्तो नहुन सक्छ ।

**बस्नेत–** बडाल प्रतिवेदनमा समस्या छ, समाधान छैन । सैद्धान्तिक व्याख्या बढी छ । त्यसैगरी गजुरेलको प्रतिवेदनमा समस्या र समाधान दुवै क्लियर छैन । हामीले तयार पारेको प्रतिवेदनमा भने सवाल उजागर गरिएको छ, साथै समाधान पनि उल्लेख छ ।

**गजुरेल–** अरु प्रतिवेदनले कसैलाई उत्साहित बनाएन । कसैलाई आशावादी पनि बनाएन । बडाल आयोगमा सुधारका केही प्रयास उल्लेख छ तर त्यो कार्यान्वयन नै हुन पाएन । मेरो अध्यक्षताको प्रतिवेदनमा भने आशा दिलाउनुपर्नेलाई आशा र निराशा दिलाउनुपर्नेलाई निराशा दिलाइएको छ ।

**तपाईको प्रतिवेदन लागु हुन सम्भव छ ?**

**बडाल–** लागू हुन सक्छ । १५ जना सदस्यको बुद्धि विवेक प्रयोग भएको र सबैको सर्वसम्मत भएकाले त्यसमा धेरै व्यावहारिक पक्ष छन् ।

गरिदिनुपर्नेलगायत्का थुप्रै पीडाबाट जोताहाले मुक्ति पाउन सके ।

'नेपाल पुनर्बास कम्पनी' स्थापना गरी इजरायली सरकारको सहयोगमा तराईमा योजनाबद्ध पुनर्बास कार्यक्रम लागु भएको पनि २०२१ सालमै हो । नवलपरासीको राप्ती उपत्यकामा पहिलो योजनाबद्ध पुनर्बास कार्यक्रम सुरु गरी झापादेखि कञ्चनपुरसम्म बसोबास कार्यक्रम सञ्चालन गरियो । यतिबेला खासगरी पहाडबाट तराईमा ठूलो सङ्ख्यामा बसाइसराई भएको थियो ।

विक्रम संवत् २०४६ को आन्दोलनपछि पनि भूमि सुधारका धेरथोर प्रयास अवश्यै भए ।



भूमिहीनका समस्या समाधान गर्न र भूमि सुधार गर्नका लागि यो प्रतिवेदन लागु गर्नुको विकल्प पनि छैन ।

**बस्नेत–** लागु गर्न सम्भव छ । हदभन्दा बढीको जमिनमा क्षतिपूर्तिको कुरा उल्लेख छ । त्यसबाट जमिन उपलब्ध हुन सक्छ । त्यसैले इच्छाशक्ति भयो भने यो प्रतिवेदन लागु गर्न सम्भव छ । गर्नु पनि पर्छ ।

**गजुरेल–** लागु हुन सक्नेखालको छ । १० वर्षे जनयुद्धको अन्तरवस्तु पनि यही हो कि सीमान्तकृत जनताको जीवनस्तर उकास्ने । जनयुद्धले सामन्तवादको जग हल्लायो । ग्रामीण क्षेत्रबाट सामन्तको जरा उखेल्यो । केन्द्रमा राजा ढले । त्यसैले यो प्रतिवेदन लागु गरेमात्र गरिब जनताको जीवनस्तर फेरिन्छ ।

**भूमि सुधार प्रतिवेदनहरू लागु नदिने को हुन ?**

**बडाल–** सिङ्गो देशको समस्या नबुझ्नेहरु भूमि सुधार प्रतिवेदन लागु हुन दिँदैनन् । उनीहरु गरिबका पीडा बोध गर्न पनि सक्दैनन् । स्वार्थलाई केन्द्रमा राखेर सोच्ने परिपाटी प्रतिवेदनहरु लागु गर्न बाधक बनिरहेको छ । प्रतिवेदनहरु लागु हुन नसक्नुमा समस्या के हो त भनेर कोही भन्दैन तर प्रतिवेदन लागुचाहिँ हुँदैन ।

**बस्नेत–** राज्य व्यवस्था भूमिपतिको पहुँचमा छ । उनीहरु कार्यान्वयन गर्न चाहन्नन् । मधेसी दलहरु यसलाई सङ्घीय अधिकारका रुपमा व्याख्या गरिरहेका छन् । दलहरुमा पनि भूमि सुधारका विरोधी हाबी छन् । दलहरुमै पनि यसबारे सङ्कीर्ण सोच विद्यमान छ ।

**गजुरेल–** यथास्थितिवादी र प्रतिगामीहरुले भूमि सुधारका प्रतिवेदनहरु लागु हुन दिँदैनन् । सबैलाई खुशी पार्ने प्रतिवेदन बन्नै सक्दैन । त्यसैले मर्का पर्ने पक्षले प्रतिवेदन कार्यान्वयनमा समस्या सिर्जना गर्छन् ।

**तपाईंको प्रतिवेदन लागु भए भूमि समस्या समाधान हुन्छ त ?**

**बडाल–** सबै समाधान हुन्छ त भन्न सकिन्न तर धेरै हदसम्म समाधान हुन्छ । अधिकार अधिकारबिहीनको बीचमा गएर कार्यान्वयन गर्नुपर्छ । शान्तिविना समृद्धि हुन्न । यसका लागि बहुसङ्ख्यकको समस्या समाधान हुनुपर्छ र त्यो भनेको उनीहरुले परिवर्तन महसुस गर्न सक्नुपर्छ । जमिन धेरै हुनेका लागि पनि भूमि सुधार आवश्यक छ ।

**बस्नेत–** उत्पादन र भूमिसम्बन्धी समस्या समाधान हुन्छ । त्यसपछि वा नयाँ आउने समस्या भने नयाँ तरिकाबाटै समाधान गर्नुपर्छ ।

**गजुरेल–** समस्या जटिल छ । एकपटक किसानको हातमा जमिन नपुर्‍याएसम्म उनीहरुले परिवर्तन महसुस गर्न सक्दैनन् । प्रतिफलले परिवर्तनका उपलब्धिलाई स्थायी गराउँछ । किसानले कुनै राजनीतिक परिवर्तनपश्चात् केही पाएनन् । जसले लड्यो, उसैले केही नपाउने अवस्था रह्यो । त्यसैले उनीहरुलाई केही दिनैपर्छ । र, यसो भयो भने समस्या समाधान हुन्छ ।

**भूमिसम्बन्धी समस्या समाधान गर्ने सबैभन्दा सहज उपाय के हो ?**

**बडाल–** उच्चस्तरीय भूमिसुधार आयोगको प्रतिवेदन लागु हुनुपर्छ । यो कसैको विरुद्धमा लक्षित हुनुहुन्न । तर भूमिहीनका पक्षमा भने हुनुपर्छ । यसो हुनु भनेको अरुको विरुद्धमा हुनुपर्छ भन्ने हैन ।

**बस्नेत–** सर्वप्रथम भूमि राज्यको हो भन्ने भावना जगाउन सक्नुपर्छ । जमिनमा साँच्चै खेती गर्ने जोताहाको स्वामित्व हुनुपर्छ । यति हुन सक्यो भने समस्या समाधान हुन्छ ।

**गजुरेल–** हरेक भूमिहीन किसानले जग्गा पाउनुपर्छ । भूमिहीन कोही छैन भन्ने हुनुपर्छ । यसले नयाँ उत्साह थप्छ । सधैं यस्तो गर्न सकिन्न तर एकपटकलाई यस्तो अवस्था ल्याउनैपर्छ । सामन्ती अवस्थामा आमूल परिवर्तन ल्याउनै पर्छ ।

२०५१ सालमा एमाले नेता केशव बडालको संयोजकत्वमा उच्चस्तरीय भूमि सुधार आयोग गठन भयो। जसले प्रतिवेदन त दियो तर त्यो कार्यान्वयन भने भएन। यो आयोगले नेपालको भूमिसँग सम्बन्धित मुख्य समस्याहरु पहिचान गरेको र त्यसको समाधानका लागि व्यावहारिक उपायहरू पनि सुझाएको थियो।

२०५३ सालमा 'भूमिसम्बन्धी ऐन, २०२१' लाई चौथो पटक संशोधन गरेपछि बेदर्तावाल मोही मारमा परे। लगत तथ्याङ्कमा दर्ता भएका दर्तावाल मोहीलाई आधा हक स्वामित्व दिई जग्गाधनी र मोहीबीच जग्गा बाँडफाँट गर्ने र मोहियानी हकको व्यवस्था खारेज गरी जग्गाको द्वैध स्वामित्व अन्त्य गर्ने व्यवस्था त गरियो तर दर्ता हुन बाँकी जोताहा किसानलाई न्याय दिइएन। दिइएको सीमित समयभित्र विविध कारणले मोहियानी हक दर्ता गर्न नसक्नेहरुलाई यसले पन्छायो। फलस्वरुप यो संशोधन धेरै हदसम्म जग्गाधनीको पक्षमा हुन पुग्यो।

जग्गावालाले घरबारीका लागि जग्गा झिक्न पाउने, दोहोरो कुत कबुलियत, मोही, जग्गा र जग्गावालाको लगत लिने समितिको गठन गर्ने, एक वर्ष खेती गरेमा स्वतः मोही हुने जस्ता व्यवस्थाहरूलाई यो संशोधनले खारेज गऱ्यो। लाखौंको सङ्ख्यामा रहेका बेदर्तावाल मोहीको समस्या समाधान गरेरमात्र द्वैध स्वामित्व हटाइनुपर्नेमा उक्त समस्या त्यत्तिकै राखी यस्तो व्यवस्था गरिएकाले जग्गा जोतिरहे पनि विभिन्न कारणले मोहियानी हक कायम गराउने नसकेकाप्रति यसले घोर अन्याय गरेको छ। देशमा यस्ता बेदर्तावाल मोही करिव ४ लाख ५० हजार हुनुले पनि कति धेरै मर्कामा परेका छन् भन्ने स्पष्ट हुन्छ।

तत्कालीन प्रधान मन्त्री शेरबहादुर देउवाद्वारा २०५८ साल साउन ३२ गते प्रतिनिधिसभाको वैठकमा घोषित भूमि सुधारसम्बन्धी कार्यक्रमलाई परिवर्तनकारी मानिन्छ। २०५८ सालमा भूमिसम्बन्धी ऐनमा पाचौं पटक संशोधन गरी हदबन्दीको सीमा घटाइयो। तर कार्यान्वयन प्रक्रिया र संयन्त्र अभावमा उक्त घोषणा भने कार्यान्वयन हुन सकेन। वि.सं २०६१ मा सरकारले



भूमि ब्याङ्कको अवधारणा ल्याई विश्व ब्याङ्कको सहयोगमा मध्य-पश्चिम र सुदूर-पश्चिमका कमैया समस्या भएका क्षेत्रमा लागु गर्ने प्रयास गरेको थियो। यस अवधारणालाई मुक्त कमैया र भूमि अधिकारका लागि काम गर्ने सङ्घ/संस्थाले अन्यायपूर्ण भन्दै विरोध गरे। यही कारण यो अवधारणा अघि बढ्न सकेन।

२०६२-२०६३ सालको राजनीतिक परिवर्तनले मुलुकलाई गणतान्त्रिक देशमा रुपान्तरण गऱ्यो। उक्त आन्दोलनमा भूमि अधिकारबाट वञ्चितहरु पनि ठूलो सङ्ख्यामा सहभागी थिए। हुन त भूमिको असमान वितरणलाई सुधार्ने र भूमिहीन र सीमान्त किसानको भूमि तथा प्राकृतिक स्रोतमा पहुँच दिलाउने उद्देश्य पनि उक्त आन्दोलनको थियो। यस्तो परिवेशमा २०६४ सालमा सात राजनीतिक दल र नेकपा (माओवादी) बीच भएको 'बृहत् शान्ति सम्झौता' ले पनि भूमि सुधारलाई उच्च महत्व दिएको छ।

त्यसैगरी २०६३ सालमा बनेको अन्तरिम संविधानले पनि 'बृहत् शान्ति सम्झौता' लाई नै आधार बनाई भूमिसम्बन्धी केही महत्वपूर्ण व्यवस्था गरेको देखिन्छ। सरकारको 'त्रिवर्षीय अन्तरिम योजना (२०६५-२०६७)' मा पनि भूमिसुधार कार्यक्रमलाई प्राथमिकतामा राखिएको छ। जसमा भूस्वामित्व तथा कृषि श्रममा रहेको सामन्ती सम्बन्धको अन्त्य गर्ने, सामाजिक न्याय र कृषि उत्पादकत्व वृद्धिका लागि उपयुक्त हदबन्दी निर्धारण गर्ने, जमिनमाथि आफ्नो श्रम र शीप प्रयोग गर्नेहरूलाई भूस्वामित्वको अधिकार प्रदान गर्ने, भूमिहीन किसानलाई बसोबासका लागि जमिन उपलब्ध गराउने, गुठी, ऐलानी र पर्ति जग्गामा खेती गरिरहेका किसानको अधिकार निर्धारण गर्ने, भूमिसम्बन्धी तथ्याङ्क/प्रतिवेदन, भूमि प्रशासन र भूमिसम्बन्धी सार्वजनिक सेवालाई बढी वैज्ञानिक र छरितो/कुशल बनाउने, भूमि न्यायाधिकरणको व्यवस्था गरी भूमिसम्बन्धी मुद्दा मामिला फछ्र्यौट गर्ने, भूमिसम्बन्धी सबै विषयलाई सम्बोधन गर्नेगरी भूमिसम्बन्धी राष्ट्रिय नीति तयार गर्ने, माटोको उर्वरता, कृषि, सिचाइ तथा पूर्वाधार र विकासका आधारमा कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्ने आदि विषयलाई प्रमुखतासाथ राखिएको छ।

खासगरी २०४६ सालमा भएको आन्दोलन र २०६२-०६३ मा भएको आन्दोलनले व्यवस्था नै परिवर्तन गरे। व्यवस्था परिवर्तनसँगै पीडितहरुले आफ्नो गुमेको अधिकार फिर्ता पाउने आशा गर्नु स्वाभाविकै थियो। त्यसैले बहुदलपछि बनेको एमाले नेता केशव बडाल संयोजकत्वको आयोग र गणतान्त्रिक नेपाल बनेपछि हरिबोल गजुरेल र घनेन्द्र बस्नेत संयोजकत्वका दुई आयोगप्रति भूमि अधिकारबाट वञ्चितहरु आशावादी हुनु स्वाभाविकै थियो।

२०५१ सालमा बनेको बडाल आयोगको प्रतिवेदन निकै व्यावहारिक भएको टिप्पणी त्यतिबेलै चलेको हो। यद्यपि उक्त आयोगको प्रतिवेदन कार्यान्वयन भएन।त्यसैगरी २०६४ सालमा बनेको माओवादी अध्यक्ष पुष्पकमल दाहाल नेतृत्वको सरकारले माओवादी नेता हरिबोल गजुरेलको संयोजकत्वमा उच्चस्तरीय भूमि सुधार आयोग गठन गरेको थियो। त्यो आयोग पूर्ण नहुँदै उक्त सरकार विघटन भएकाले आयोगले पनि पूर्णरुपमा काम गर्न पाएन। तर पनि यो आयोगले प्रतिवेदन भने तयार गरेको छ।यही आयोगलाई निरन्तरता दिँदै त्यसपछि बनेको एमाले नेता माधव नेपाल नेतृत्वको सरकारले अध्यक्षमा घनेन्द्र बस्नेतलाई तोक्यो। आयोगले तोकिएको समयमै प्रतिवेदन बुझायो।

नेपालमा भूमि सुधारको कुरा गर्दा अहिले खासगरी यिनै तीन आयोगका प्रतिवेदनबारे बढी चर्चा हुने गर्छ। पछिल्ला समयमा बनेका, आन्दोलनको मर्मसमेत बोकेका र निकै धन र जनशक्ति खर्चिएका कारण यी प्रतिवेदनमा भएका कुरा थाहा पाउने र ती लागु हुने आशा गर्नु अन्यथा हुँदैन। ■



### सरकारको आर्थिक वर्ष २०६८/६९ को नीति, कार्यक्रम तथा बजेटमा

# भूमि, गरिबी र कृषिसम्बन्धी व्यवस्था

- अर्थतन्त्रको आधारभूत समस्या सम्बोधन गर्न कृषि तथा उद्योगको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने, औद्योगिक तथा पूर्वाधार क्षेत्रमा निजी क्षेत्रको लगानी वृद्धि गर्ने, प्राप्त आर्थिक उपलब्धिको न्यायोचित वितरण गरी गरीबी र असमानता घटाउँदै सामाजिक न्यायमा आधारित सन्तुलित र समावेशी विकासको आधारशीला खडा गर्दै स्वदेशभित्र ठूलो सङ्ख्यामा रोजगारी सिर्जना गर्ने दिशामा बजेटको ध्यान केन्द्रित गरिएको छ ।
- असमानता, विभेद, शोषण, उत्पीडन र अन्यायबाट आम जनतालाई मुक्त गरी सामाजिक न्याय र समावेशी परिपाटीमा आधारित आर्थिक सामाजिक संचरनाको आधारशीला खडा गर्न भूमिलगायत् उत्पादनका स्रोत र साधनमा गरिब तथा विपन्न वर्गको स्वामित्व एवं पहुँच बढाउने ।
- स्वाधीन, स्वतन्त्र र आत्मनिर्भर अर्थतन्त्र निर्माणको आधारशीला खडा गर्ने तथा भूमिलगायत् उत्पादनका साधन एवं स्रोतमा गरिब तथा विपन्नको पहुच पुर्‍याई सामाजिक द्वन्द्व न्युनीकरण र समावेशी विकास प्रक्रिया अघि बढाउने ।

सुकुम्बासी, कमैया, हलिया, हरुवाचरुवा, कमलरी, वादी, गन्धर्व र बाँधा मजदुरबाट मुक्त परिवारको आयआर्जन, रोजगारी, शिक्षा र बसोवासको विशेष कार्यक्रम सञ्चालन गर्ने प्रस्ताव ।

कमलरीको शिक्षा, सीपमूलक तालिम र पुनर्स्थापनाका लागि सञ्चालित कार्यक्रम व्यवस्थिततरुपमा कार्यान्वयन गर्न २०६८ असोज मसान्तभित्र निर्देशिका जारी गरिनेछ । कमलरीलाई उच्च शिक्षामा निश्चित सङ्ख्या छुट्याउनुका साथै उपलब्ध गराइएको छात्रवृत्ति रकम वृद्धि गरेको ।

> *कृषिमा व्यावसायीकरण एवम् आधुनिकीकरण गरी उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न चक्लाबन्दी खेती प्रणालीलाई प्रोत्साहित गरिनेछ । सानो समूहमा चक्लाबन्दीमा आधारित खेती गर्ने कृषकलाई अनुदानमा उपलब्ध हुने मल, बीउलगायत्का सुविधा सुनिश्चित गरिने ।*

आगामी आर्थिक वर्षभित्र पुनर्स्थापना हुन बाँकी मुक्त कमैया परिवारको पुनर्स्थापनाको कार्य सम्पन्न गरिनेछ । मुक्त हलिया, हरुवाचरुवाको तथ्याङ्क सङ्कलन गरी पुनर्स्थापनाका लागि अध्ययन गरिनेछ । सुकुम्बासी समस्या समाधानका लागि सञ्चालित कार्यक्रमलाई निरन्तरता दिइने ।

भूमिलाई उपयोगका आधारमा वर्गीकरण गर्नुको साथै उत्पादकत्व वृद्धिका लागि वैज्ञानिक भूमि सुधार कार्यक्रम अघि बढाइनेछ । विगतमा गठन भएका भूमि सुधार आयोगका प्रतिवेदनहरुका सुझाव क्रमशः कार्यान्वयन गरिने ।

आगामी आर्थिक वर्षको असोज मसान्तभित्र भू उपयोग नीति तर्जुमा गरिनेछ । सम्पूर्ण नापी कार्यलाई योजनाबद्ध रुपमा अघि बढाउन नापी गुरुयोजना तयार गरिनेछ । भूमि व्यवस्थापनमा आधारभूत परिवर्तन र सामयिक सुधारका कार्य सम्पन्न गर्न नयाँ भूमि सुधार विधेयकको मस्यौदा तर्जुमा गरिनेछ ।

हाल कायम रहेको परम्परागत नापी प्रशासनलाई डिजिटलाइज्ड प्रणालीमा रुपान्तरण गर्ने कार्य सुरु गरिनेछ । आगामी आर्थिक वर्षदेखि काठमाडौंको डिल्लीबजार र ललितपुरको नापी कार्यालयबाट प्रवाह हुने सम्पूर्ण सेवा कम्प्यूटर प्रणालीबाट उपलब्ध गराइने ।

प्रत्येक गाउँ विकास समितिले प्राप्त गर्ने अनुदानमा कृषिसंग सम्बन्धित कार्यक्रममा कम्तिमा १५ प्रतिशत छुट्याउने व्यवस्था मिलाइने ।

कृषिको उत्पादन र उत्पादकत्व वृद्धि गर्न सहकारी सङ्घ संस्थाहरुसँगको साझेदारीमा कृषि फार्म खडा गर्न आवश्यक सहयोग उपलब्ध गराइनेछ ।

कृषिमा व्यावसायीकरण एवम् आधुनिकीकरण गरी उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न चक्लाबन्दी खेती प्रणालीलाई प्रोत्साहित गरिनेछ । सानो समूहमा चक्लाबन्दीमा आधारित खेती गर्ने कृषकलाई अनुदानमा उपलब्ध हुने मल, बीउलगायत्का सुविधा सुनिश्चित गरिने ।

रासायनिक मल र विषादीको असन्तुलित प्रयोगबाट भूमि, प्रकृति र मानव स्वास्थ्यमा पर्नसक्ने प्रतिकूल प्रभाव न्युनीकरण गर्न शून्य जोत प्राकृतिक खेतीबारे सम्भाव्यता अध्ययन र अनुसन्धान गरिने ।

शताब्दीयौंदेखि विकासको राष्ट्रिय मूल प्रवाहबाट पछाडि पारिएका महिला, दलित, जनजाति, पिछडा वर्ग, भूमिहीन किसान, विपन्न मुसलमान, मधेसी जस्ता वर्ग, समूह, समुदाय र दुर्गम क्षेत्रलाई सहकारीको माध्यमबाट उत्पादक शक्तिमा रुपान्तरण गरिनेछ ।

पिछडिएका वर्ग, जाति, लिङ्ग, द्वन्द्वपीडित, शहीद परिवार, भूमिहीन र अनौपचारिक क्षेत्रमा काम गर्ने श्रमिकलाई "सहकारी कोष" खडा गरी कोषमार्फत आयआर्जनको क्रियाकलापमा संलग्न हुन विशेष अनुदान र सुविधा दिइनेछ ।

साना–साना टुक्रा जमिन भएका साना किसानको समूहले सहकारी प्रणालीमा खेती गरेमा ट्रेक्टर, पावर टिलर, थ्रेसर, धान कुट्ने मिल र आवश्यक मेशिनरी तथा उपकरणहरुको पैठारीमा औचित्यका आधारमा भन्सार छुट दिइने ।

परम्परागत सीप भएका तराईका डोम, चमार, मुसहर र पहाडका कामी, दमाई, सार्की, चेपाङ तथा राउटे समुदायका युवाको पेशालाई आधुनिक व्यवसायको रुपमा विकसित गर्न यो कार्यक्रममा प्राथमिकता साथ समाहित गरिने ।

चालू आर्थिक वर्षदेखि आरम्भ गरिएको राष्ट्रिय महत्वको राष्ट्रपति चुरेभावर क्षेत्र संरक्षण कार्यक्रमलाई उच्च प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ । चुरे भावर क्षेत्रको भूमि, जल, जङ्गल र जीविकोपार्जनको एकीकृत कार्यक्रम सञ्चालन गर्न रु. २६ करोड बजेट विनियोजन गरेको । आगामी आर्थिक वर्षदेखि वादी, गन्धर्व, वनकरिया, सुरेल र विगत द्वन्द्वको क्रममा घरवारबिहीन भएका परिवारलाई पनि आवास सुविधा उपलब्ध गराउने व्यवस्था मिलाएको ।

भूमिमा महिलाको स्वामित्व वढाउने उद्देश्यले हिमाली क्षेत्रका ताप्लेजुङ, सोलुखुम्वु, रसुवा, मनाङ, मुस्ताङ, हुम्ला, जुम्ला, मुगु, कालिकोट, डोल्पा, बझाङ र दार्चुला जिल्लाका सदरमुकामबाहेकका गाउँ विकास समिति र सङ्खुवासभा, दोलखा, धादिङ, सिन्धुपाल्चोक र गोरखाका केही दुर्गम गाविसहरुमा महिलाको नाममा घर जग्गाको रजिष्ट्रेशन पारित गर्दा लिखतमा लाग्ने दस्तुरमा ४० प्रतिशत छुट दिने व्यवस्था गरेको । हाल पतिको नाममा कायम रहेको घरजग्गाको स्वामित्व परिवर्तन गरी पत्नी समेतको नाममा संयुक्त स्वामित्वको रुपमा लिखत गर्न चाहेमा एक सय रुपियाँ मात्र रजिष्ट्रेशन दस्तुर लाग्ने व्यवस्था गरेको । ■

# सङ्गठनका

भूमि अधिकारको अघिल्लो अङ्कमा सङ्गठनकर्ताबारे लेखिएको थियो । यस पटक आन्दोलनका कार्यकर्ता र अगुवाको ज्ञान निर्माणबारे उल्लेख छ । आन्दोलनका लागि साङ्गठनिक जत्तिकै बौद्धिक र नैतिक बलको आवश्यकता हुन्छ । बौद्धिक र नैतिक बलविनाको आन्दोलन जित्न सकिँदैन ।

जनसङ्गठनबाट उठ्ने आन्दोलनका निश्चित मुल्य, मान्यता र लक्ष्य हुन्छन् । यी लक्ष्य पूरा गर्न साझा योजना र त्यसको प्रभावकारी र विवेकसहितको कार्यान्वयन चाहिन्छ । हो, आन्दोलनमा समुदायलाई सङ्गठित गर्नुपर्छ । सार्वजजिक चासो बढाउन प्रदर्शन चाहिन्छ । सभाहरु गरिन्छ । तर यीसँग जोडिएर ज्ञान पक्ष रहेको हुन्छ । हामी दिन/रात खटेर मान्छे जम्मा गर्छौं तर उनीहरुलाई सही प्रकारको ज्ञान आदान-प्रदान गर्ने मौका दिन र केही नयाँ सोच, उत्साह, ज्ञान थपेर पठाउन सकिएन भने के हुन्छ ? प्रशिक्षण त हुन्छ तर के विषयमा र कसरी हुन्छ ? प्रशिक्षण दिने अगुवा आफैं प्रशिक्षित छ कि छैन ? अनेकन गरेर सदस्यहरु बैठकमा, छलफलमा आए तर उनीहरुले नयाँ ज्ञान र उत्साह पाए कि त्यही पुराना सढेगलेका थाङने सतही हावादारी कर्मकाण्डी गफ पाए ? अनेकन गरेर स्रोत जुटाई तालिम गरिन्छ तर तालिमको विषयवस्तु, तिनका सामग्री र प्रशारण कस्तो रह्यो ? सबै कुरा ठीकठीक ढङ्गबाट भयो ? यो पक्ष निकै सोचनीय छ । हामी प्रत्येकले गरेको कामलाई ज्ञान निर्माणको कोणबाट प्रश्न गर्नै पर्दछ ।

आन्दोलनमा चाहिने सङ्गठनात्मक, राजनीतिक र कार्यक्रमात्मक पक्षलाई बढाउन अध्ययन पक्ष महत्वपूर्ण हुन्छ । उनीहरुको क्षमता अभिवृद्धि र अध्ययन चिन्तनको कुरालाई बेवास्ता गरिएमा आन्दोलन रुखो र खोक्रो हुन पुग्छ । ठूलो ज्यान भएको तर भित्री आँत भने लुलो भएको हुत्ति नभएको मान्छे जस्तो ।

सङ्गठनात्मक क्रियाकलापले मात्र आन्दोलनको गाडी लामो समयसम्म गुड्न सम्भव हुन्न । यसका लागि वैचारिक बल नभई हुँदै हुँदैन ।

# अगुवाको लेखाई–पढाई

त्यसो भए के यस्ता ज्ञान भएका अगुवा हामी आफैं जन्माउन सक्छौं ? अवश्य पनि सक्छौं । जन्माउन सकिएन भने त आन्दोलन पनि कहाँ टिक्छ र ? ज्ञान भएका अगुवा उधारो र सापटी मागेर ल्याउन मिल्दैन । अगुवाको उपस्थितिले हैन, उसले प्रशारण गर्ने कुराको स्तरले उसको व्यक्तित्व वृद्धि हुन्छ भने आन्दोलनको पनि स्तर उन्नति गर्छ । यसका लागि आन्दोलनमा क्रियाशील सबैमा अध्ययन, लेखन र चिन्तन चाहिन्छ । क्रियाशीलता र ज्ञान निर्माणको पक्ष अभिन्नरुपमा जोडिनु पर्छ ।



हरेक आन्दोलनमा नेतृत्वकर्ता हुन्छ । विना नेतृत्वकर्ता आन्दोलन उठ्नै सक्दैन । उठे पनि टिक्न सक्दैन । आन्दोलनबाटै नेताको जन्म र विकास हुन्छ । यसलाई नेतृत्व निर्माणको स्वाभाविक (अर्गानिक) प्रक्रिया भनिन्छ । आन्दोलनले नेतालाई चिनाउँछ । सही विचार प्रभाव गर्न सक्ने नेतालाई आन्दोलन र अन्य मञ्चहरुमा स्थापित गराउँछ ।

भूमि अधिकार आन्दोलनको एउटा पाटो जग्गाको न्यायोचित वितरणलाई सार्थक बनाउनु हो । अर्थात् श्रम गर्नेको हातमा जमिन । तर यस आन्दोलनमा अनेकन पाटा छन् । त्यो हो गरिब जनताको बुझाईमा के/कस्तो परिवर्तन आइरहेको छ ? सङ्गठनमा लोकतान्त्रिक अभ्यास आत्मसात गरिएको छ वा छैन ? पढ्ने/लेख्ने संस्कार स्थापित छ वा छैन, दिगो अर्थतन्त्र निर्माणका लागि आन्दोलनभित्र के/कस्ता प्रक्रिया अपनाइएका छन् ? यी सबै पक्षहरु भनेको फेरि पनि ज्ञान पक्षसँग जोडिएका छन् । सीप र ज्ञान निर्माणको विषयमा फगत सङ्गठन र आन्दोलनसँग मात्र जोडिनुपर्छ भन्ने छैन, जीविकासँग जोडिएका विषयमा पनि ज्ञान सीप थप्नुपर्दछ ।

सामाजिक आन्दोलनका लागि खडा भएका सङ्गठनहरुमा स्थायीखालको शक्ति आउने भनेको नै मान्छेको सङ्ख्यासँग मात्र नभएर बौद्धिक, नैतिक बलले ठूलो अर्थ राख्छ । शक्तिको केन्द्र स्थापना गर्ने र राज्यलाई रुपान्तरणका लागि बाध्य बनाउन केवल साङ्गठनिक बलले मात्र पुग्दैन । दक्ष अगुवा तयार पार्ने भनेको देशका लागि नयाँ नागरिक बनाउनु पनि हो । ऊ साँचोरुपमा जनताको अगुवा हुन्छ । जसले न्यायिक समाज निर्माणमा योगदान गर्न सक्छ ।

भूमि अधिकारको आन्दोलनमा अब निश्चित पाठ्यक्रमहरु नै तयार गरी विद्यालय सञ्चालन गर्नु आवश्यक भइसकेको छ । अल्पकालीन तालिमले मात्र आन्दोलनको ज्ञान निर्माण पक्षको आवश्यकतालाई धान्न सक्दैन । गाउँ भूमि अधिकार मञ्चको सदस्यले पूरा गर्नुपर्ने कोर्स के हो ? अगुवाले सिक्नुपर्ने सामाजिक, राजनीतिक र प्रक्रियागत ज्ञान सीप के के हो ? सङ्घर्ष र ज्ञानको सम्बन्ध कसरी बुझाउने ? जसले आन्दोलनका गतिविधिलाई तिखार्ने, निखार्ने मद्दत गरोस् । ग्राम्सकीले भन्नुभएको छ– कामदार वर्गमा पनि बौद्धिक वर्गहरु हुन्छन् । उनीहरुबाटै बौद्धिक वर्गको निर्माण गर्नुपर्दछ । कार्यकर्तालाई प्रशिक्षित गर्ने कार्यको अगुवाई कसले गर्ने ? कसरी गर्ने ? सङ्गठनमा अरुले सोचिदेओस् भन्ने मान्यतालाई खत्तम पार्नुपर्छ । समाजको अर्थतन्त्र, इतिहास, राजनीति, विचारधारा, संरचना बुझ्नै पर्छ । यी पक्ष नबुझी गर्ने क्रियाकलाप सतही हुने निश्चित छ ।

हरेक क्रियाकलापलाई ज्ञानबर्द्धक कसरी बनाउने ? उत्तेजक आन्दोलनले भन्दा सचेत कदमले परिवर्तन चाँडो ल्याउँछ । सडकमा आन्दोलनका साथै टेवुलमा सम्वाद गर्न ज्ञानको पाटो ज्यादै महत्वपूर्ण छ । आन्दोलन एक राजनीतिक प्रभाव उत्पादन गर्ने र दबाब सृजना गर्ने कदम हो भने लबिङ भनेको कूटनीतिक कदम हो । यसो गर्दा सम्बन्धित अधिकारीलाई सौहार्द्धपूर्ण तरिकाले आफ्ना मागबारे सम्झाउने, कुन कानुनले पीडितहरुलाई माग गर्ने अधिकार दिएको छ र किन उसले त्यो माग पूरा गरिदिनुपर्छ भनेर प्रष्ट गर्न सक्नुपर्छ ।

यसका लागि सदस्य, समुदाय अगुवा, अभियानकर्ता, जिल्ला र राष्ट्रिय अगुवाले लिनुपर्ने तालिम, पढ्नुपर्ने सामग्री र पूरा गरिसक्नुपर्ने भिन्दाभिन्दै कोर्स बनाई सो कोर्स पूरा गर्नेले मात्र सोहीअनुसारको जिम्मेवारी पाउने व्यवस्था गर्नुपर्दछ । काम गर्न खोज्ने सक्रिय अगुवाका लागि उनीहरुले गर्न खोजेको कामसँग सम्बन्धित सिकाई भ्रमणलाई व्यापक बनाउने र अनुभव आदान–प्रदानको मौका पनि बढाउन आवश्यक छ । यसका लागि भएका किताव पढ्न थालौं । नभएका खोजौं । कोर्स बन्ला र पढौला भनेर नकुरौं ।

पत्रिका पढ्न भ्याउनुभयो ? मनको कुरा लेख्दै गर्नुहोला । एसएमएसमार्फत् पनि प्रतिक्रिया पठाउन सक्नुहुन्छ । लामै कुरा भए प्रतिक्रियाका लागि मोवाइल............ मा एसएमएस गर्नुहोस् । तपाईंलाई हामी नै फोन गर्नेछौं । यसलाई पाठक मञ्चमा राख्नु उपयुक्त होला । ■

# हेकुली गाविसले देखाएको बाटो

भूमि अधिकारबाट वञ्चितको ठूलो सङ्ख्या अहिले गुमेको अधिकार फिर्ता लिन आन्दोलन चर्काइरहेको छ। उनीहरु राज्यले आफूहरुलाई बसोबास र गरिखानका लागि जमिन दिलाउनुपर्ने माग अघि सारेर धर्ना, घेराउ, जुलुस जस्ता कार्यक्रम गरिरहेका छन्। यसैका लागि दबाब दिन उनीहरुले कुनै न कुनै प्रकारको आन्दोलन नगरेका दिनै छैन।

जसको बास नै छैन, उनीहरुका लागि बसोबासको व्यवस्था लोकतान्त्रिक राज्यको दायित्व नै हुन्छ। त्यसैगरी जसको पहिचान नै कृषि श्रमिकका रुपमा बनेको छ, उसलाई गरिखाने जमिनको व्यवस्था पनि विकल्प नहुँदासम्म राज्यको दायित्वभित्रै पर्छ। तर राज्यले भूमिअधिकारबाट वञ्चितहरुको समस्यालाई सम्बोधन गर्न सकिरहेको छैन।

जसले गर्दा सुकुम्बासी र भूमिहीनका नाममा समस्या वृद्धि भइरहेको छ। जारी आन्दोलनले भूमि दिलाउने आशमा हजारौं गैरभूमिहीन यतिबेला सरकारी र व्यक्तिका जमिन कब्जा गर्ने अभियानमा छन्। खासगरी पहाडी जिल्लाबाट समथर र तुलनात्मकरुपले सहज जिल्लामा भूमिहीनका नाममा जमिन ओगटेर छाप्रो हाल्ने र खेती गर्ने चलन बढिरहेको छ। राजमार्ग छेउछाउका ऐलानी जमिन यतिखेर कतै पनि खाली देखिन्न।

यी सबैको असर भने वास्तविक भूमि अधिकार वञ्चितलाई परिरहेको छ। जो साँच्चै पुर्खैदेखि भूमिहीन छ, जो बाध्यताकै कारण भएको टुक्रो पनि बेच्न बाध्य भएर सुकुम्बासी भएको छ वा जो अर्काकै लागि काम गरिदिने क्रममा कहिल्यै पनि आफ्नो जमिन जोड्ने हैसियतमा पुगेन, त्यस्ता व्यक्तिलाई पनि यी अरु भूमिहीनसरह ठानेर प्रचार गर्ने जमात पनि यहाँ ठूलै छ। जसले गर्दा सबै भूमिहीन नक्कली हुन भन्ने प्रभाव पार्न यो समूह एक हदसम्म सफल पनि भएको छ।

बस्न र गरिखान जमिन पाउनुपर्ने र यस्तो माग गर्नेहरु नक्कली भएको ठोकुवा गर्ने दुवै समूहको आवाज सुन्न सरकार लालायित छ। यस्तो अवस्थामा सरकार न भूमिहीनको आवाज कदर गर्न सकिरहेको छ न त सबै भूमिहीनलाई नक्कली दाबी गर्ने समूहप्रति पूर्ण विश्वास गरेर यो समस्यालाई नजरअन्दाज गर्ने अवस्थामै छ। अर्थात् सरकार रनभुल्लमा छ।

यस्तो अवस्थामा दाङको हेकुली गाविसले थालेको अभियान समस्या समाधानको सही बाटो हुनसक्ने अनुमान लगाउन सकिन्छ। यो गाविसले अहिले गाविसभर बसेका भूमिहीनको तथ्याङ्क सङ्कलन गरेको छ। साथै उनीहरु बसिरहेको जमिन, त्यो जमिनको प्रकार, उनीहरुले चलन गरिरहेको जमिन, त्यसमा कसको स्वामित्व छ जस्ता सबै जानकारी उसले सङ्कलन गरेको छ। यो गाविसका सचिव एवम् अध्यक्ष तुलसीराम खड्काका अनुसार अहिले प्राथमिक चरणको यो तथ्याङ्क प्रशोधन गर्ने र त्यसलाई अन्तिम रुप दिने तयारी भइरहेको छ।

निर्वाचित अध्यक्ष नभएका बेला गाविस अध्यक्षको समेत भूमिका निर्वाह गरिरहेका खड्काले थालेको यो अभियान धेरै अर्थले सकारात्मक छ। आफ्नो गाउँमा बसेका भूमिहीन सच्चा भूमिहीन हुन वा होइनन् भन्ने जानकारी सोही स्थानका बासिन्दाले मात्र दिन सक्छन्। उनीहरु बसेको अवधि, उनीहरुको अन्यत्र जमिन भए/नभएको सूचना, उनीहरुले भोगचलन गरिरहेको जमिनको क्षेत्रफल, त्यो कसको स्वामित्वमा छ भनेर सबैभन्दा पहिले र बढी सूचना स्थानीयले नै दिन सक्ने भएकाले यो अभियान महत्वपूर्ण छ।

उनले थालेको अभियान विवादमा पर्ने सम्भावना पनि अत्यन्तै कम छ। किनकि उनले यस्ता भूमिहीन छानबिन गर्नका लागि गाविसस्तरीय समिति नै गठन गरेका छन्, जसमा माओवादी, कङ्ग्रेस र एमालेलगायत् गाविसमा क्रियाशील सबै राजनीतिक दलको सहभागिता छ। त्यसैले सबैको सहभागिता र समर्थनमा मात्र समितिको तथ्याङ्कले वैधानिकता पाउने भएकाले यो करिब करिब सर्वस्वीकार्य हुने निश्चित छ। यो गाविसले यही कार्यका लागि २५ हजार रुपियाँ बजेटसमेत विनियोजन गरेको छ।

यो समितिले गाविसभित्रका सरकारी जमिन र मिचिएका व्यक्तिको जमिनबारे पनि सूचना सङ्कलन गर्न सक्छ। भूमिसुधार मन्त्रालयसँग मुलुकभर सरकारी जमिन कति छ भन्ने तथ्याङ्क नभएको अवस्थामा हेकुली गाविसले थालेको अभियान कोशेढुङ्गा सावित हुन सक्छ। त्यसैगरी मुलुकभर वास्तविक भूमिहीनको सङ्ख्या विभिन्न निकायले छुट्टाछुट्टै दाबी गरिरहेका बेला स्थानीय सरकारका रुपमा रहेको गाविसले निकालेको तथ्याङ्क सबैभन्दा बढी विश्वसनीय बन्न सक्छ।

त्यसैले हेकुलीको सिको गर्न सके मुलुकभरका ३ हजार ९ सय १३ गाविसले नै भूमिहीन र आ-आफ्ना गाविसमा भएका सरकारी जमिन एकिन गर्न सक्छन्। जसले जिल्लास्तरीय र क्षेत्रीय रुप धारण गर्दै राष्ट्रियरुपमै यिनीहरुको सङ्ख्या किटान हुन सक्छ। अनिमात्र रनभुल्लमा अल्मलिएको सरकारले वास्तविक भूमिहीनका लागि सही योजना ल्याएर उनीहरुका समस्या समाधान गर्ने बाटो खुल्छ।

पछिल्लो पटक एमाले सरकारले गठन गरेको उच्चस्तरीय भूमिसुधार आयोगको प्रतिवेदनमा पनि 'सुकुम्बासीलाई पहिचानका आधारमा वातावरणीय दृष्टिकोणले उपयुक्त भएसम्म बसिआएकै स्थानमा जग्गा उपलब्ध गराउने र त्यसो गर्न नसकिने भएमा अन्य उपयुक्त र रोजगारी पाउन सहज हुने स्थानमा आवासका लागि जमिन उपलब्ध गराउने' सुझाव दिइएको छ।

यो सुझाव सही मान्ने हो र कार्यान्वयन गराउने हो भने पनि स्थानीयतवरमै पहिचान हुने व्यवस्था मिलाउनुको विकल्प छैन। यसले मात्र भूमिहीनका समस्या समाधान गर्न सक्छ। र, सधैं बढिरहने भूमिहीनको सङ्ख्यामाथि अङ्कुश लगाउन सक्छ। ■



## छिमेकको भूमि आन्दोलन

# यसरी झुकाए किसानले सरकारलाई

भारत उत्तर प्रदेशको ग्रेटर नोएडा क्षेत्रमा सरकारले राजमार्ग निर्माणका लागि किसानलाई जमिन छाड्न बाध्य बनाएपछि त्यहाँका किसान आन्दोलित भए। वैशाख अन्तिम सातादेखि किसानले जमिन छाड्नैपर्ने सरकारी निर्णयविरुद्ध सडक आन्दोलन तीब्र पारेका थिए। हुन त उनीहरुलाई उक्त जग्गाको मुआब्जा दिइएको थियो तर त्यो मुआब्जा पर्याप्त नभएको उनीहरुको भनाई थियो। पीडित किसानका अनुसार उक्त स्थानमा चलेको भन्दा चार भागको एक भागमात्र मुआब्जास्वरुप उपलब्ध गराइएको थियो। र, किसानले आन्दोलन गर्नुपर्नाको मुख्य कारण पनि यही थियो।

आणविक भट्टी निर्माणस्थलका लागि पनि जग्गा अधिग्रहण गरिएको थियो। उक्त क्षेत्रमा पनि झडप लगातार भइरह्यो। तर मुख्य मन्त्री मायावतीले केही व्यक्तिले किसानलाई उक्साएर सार्वजनिक जग्गा कब्जा गर्न खोजेको आरोप लगाइन्। तर पनि किसानहरु भने जमिन नछाड्ने भन्दा पनि मुआब्जा उचित दिनुपर्ने मागमा अडिग रहे र आन्दोलनमा सरिक भइरहे।

ग्रेटर नोएडामा भड्किएको किसान आन्दोलन अन्यत्र जिल्लामा पनि फैलिएपछि राज्य सरकारहरु समस्यामा पर्दै गए। उक्त आन्दोलन आगरामा पनि पुग्यो। जहाँ किसान र प्रहरीबीच मुठभेड नै भयो। मथुरामा पनि यसको असर पर्‍यो। यसरी किसान आन्दोलनको क्षेत्र विस्तार हुँदै गएपछि सरकारले आन्दोलन भड्काएको भन्दै एक किसान नेता मनवीर सिंह तेवतियाबारे सूचना दिनेलाई ५० हजार रुपियाँको पुरस्कारसमेत

*ग्रेटर नोएडामा भड्किएको किसान आन्दोलन अन्यत्र जिल्लामा पनि फैलिएपछि राज्य सरकारहरु समस्यामा पर्दै गए। उक्त आन्दोलन आगरामा पनि पुग्यो। जहाँ किसान र प्रहरीबीच मुठभेड नै भयो। मथुरामा पनि यसको असर पर्‍यो।*

घोषणा गर्‍यो। यस आन्दोलनका क्रममा धेरै जनाकोमृत्यु भएको छ। सयौं घाइते भएका छन्। आन्दोलनकारी किसानले तीन सडक कर्मचारीलाई बन्धक बनाएपछि उनीहरुलाई मुक्त गराउन पनि प्रहरीले ठूलै बल प्रयोग गर्नुपरेको थियो। यस क्रममा मात्र तीन जनाको मृत्यु भएको थियो। जसमा जिल्लाका प्रहरी प्रमुखसमेत घाइते भएका थिए।

यो घटनालाई लिएर राष्ट्रिय र क्षेत्रीय पार्टीहरुसमेत वादविवादमा उत्रिएका थिए। विजेपी पार्टीका नेताले सरकारले किसानमाथि दमन गरेकामा विरोध गर्दै किसानको सवालका जवाफ गोली हुन नसक्ने बताएका थिए। जद युका ?? अध्यक्ष शरद यादवले भने उत्तर प्रदेशकी मुख्य मन्त्री मायावती भूमाफियासँग मिलेर किसानको हत्या गर्न लागिपरेको आरोप लगाएका थिए। उनले संसदले नयाँ कानुन नबनाएसम्म भूमि अधिग्रहण कार्य रोकिनुपर्ने माग पनि गरेका थिए।

किसानहरुको व्यापक आन्दोलनपछि मुख्य मन्त्री मायावतीले किसानको एक प्रतिनिधिमण्डल बोलाएर वार्ता गरिन्। अनि नयाँ भूमि अधिग्रहण नीति घोषणा गर्दै भनिन्- अब कुनै पनि कम्पनी वा परियोजनाका लागि जमिन चाहिए उनीहरुले सिधै किसानसँग मोलतोल गरेर किन्नुपर्नेछ। जसमा सरकार वा प्रशासनको भूमिका मध्यस्थकर्ताको मात्र हुनेछ। उनले यो घोषणा तत्काल लागू गरिने जानकारी पनि त्यस अवसरमा दिइन्। नभन्दै आफ्नो पार्टीको बहुमत रहेको सरकारबाट उनले यो विधेयक पाससमेत गराइन्।

उनले कुनै पनि गाउँठाउँमा कुनै पनि परियोजना सञ्चालन गर्नुपूर्व त्यहाँका किसानसँग सल्लाह गर्नुपर्ने र उक्त परियोजना सञ्चालनका लागि ७० प्रतिशत किसान सहमत भएमात्र सञ्चालन गर्नुपर्ने नियम पनि बनाएकी छिन्। यस्तो अवस्था नआएमा उक्त परियोजना सञ्चालनबारे पुनर्विचार गर्नुपर्ने भनाइ पनि उनको छ।

भूमि अधिग्रहण गरिएको क्षेत्रमा एक किसान भवन बनाइने, कम्तिमा खेल मैदानसहित आठ कक्षासम्म पढाई हुने एक विद्यालय खोलिने नीति पनि नयाँ अधिग्रहण नीतिले अङ्गालेको उनले जानकारी दिएकी छिन्। उनले केन्द्र सरकारले पनि भूमि अधिग्रहण नीति बनाउनुपर्ने र त्यसो नगरे संसद घेर्ने पनि बताइन्। अनि भनिन्- हामीले ल्याएको अधिग्रहण नीति सबै राज्यका किसानका लागि सबैभन्दा बढी हितकर हुनेछ।

त्यसो त मायावती किसानसँग झुक्नुमा

अन्य कारण पनि महत्वपूर्ण रहे । विपक्षी पार्टीहरुले मायावती सरकारविरुद्ध किसानलाई साथ दिए । उता आफूहरुमाथि जबर्जस्ती जमिन लिएर अन्याय गरियो भन्दै अदालत पुगेका किसानको पक्षमा फैसला गर्दै इलाहावाद अदालतले अधिग्रहण गरिएको १७० एकड जमिन फिर्ता दिन आदेश दियो । यसअघि पनि अदालतले साहबेरी गाउँमा अधिग्रहण गरिएको १५९ हेक्टर र सुरजपुरमा अधिग्रहण गरिएको ७३ हेक्टर जमिनको अधिग्रहण रद्द गर्ने फैसला गरेको थियो । यसरी पटक-पटक अदालतले समेत किसानको पक्षमा गरेको फैसला सरकारका लागि ठूलै झट्का सावित हुन पुगेको थियो ।

कङ्ग्रेस आईका प्रभावशाली नेता राहुल गान्धीसमेत किसानसँगै मिलेर प्रदर्शनमा उत्रे । यही क्रममा उनी पक्राउ परे । जसलाई राष्ट्रिय/अन्तर्राष्ट्रिय सञ्चार माध्यमले निकै महत्व दिए । यही कारण अधिग्रहण मुद्दा अन्तर्राष्ट्रियकरण हुन पुग्यो । राज्य सरकारले न्यायका लागि उत्रेका किसानमाथि बर्बर दमन गरेको आरोप लगाउँदै राजीवले भनेका थिए कि उक्त दमन देख्दा मलाई भारतीय हुँ भन्न पनि लाज लागेको छ । यो घटनाले किसान आन्दोलनमा थप ऊर्जा प्रदान गर्‍यो ।

यही आन्दोलनका कारण प्रधान मन्त्री मनमोहन सिंहले राष्ट्रिय लोक दलका नेताहरुको प्रतिनिधिमण्डलसँग आगामी संसद सत्रमा भूमि अधिग्रहणसम्बन्धी कानुन संशोधनका लागि एक विधेयक पेश गर्ने आश्वासन दिएका छन् ।

किसानको यो आन्दोलनलाई कङ्ग्रेस आईले समर्थन गरेकाले पनि आन्दोलनकारीलाई सहज भएको हो । यो पार्टीका प्रवक्ता मनीष तिवारीले जबर्जस्ती जमिन लिने र उल्टै उनीहरुमाथि दमन गर्ने नीतिको विरोध गर्दै भनेका छन्- सरकार जसरी लाठी र गोलीको भरमा विकास गराउने नयाँ परम्परा बसाल्न खोज्दैछ, यसको परिणाम धेरै दूरगामी हुनेछ । उनले किसानलाई उचित मुआब्जा दिन निकै दबाब दिएका थिए । उनले जब विकास प्रक्रियामा स्थानीयलाई सहभागी गराइन्न, विकासको यस्तो गाडी अगाडि बढ्नै सक्दैन भनेर सरकारलाई किसानलाई नचिढाउन पनि सुझाव दिएका थिए । ■



# अन्ततः बिर्ता

■ विश्वास नेपाली

पुस्तौंदेखि भूमिमा श्रम गरे पनि स्वामित्व नपाएपछि रसुवाका तीन गाविसका किसानले लामो सङ्घर्ष गरे । लहरेपौवा, भोर्ले र धैबुङ गाविसका करिव ८ सय ६१ परिवारका किसानले ६ वर्षदेखि बिर्ता जग्गाको पूर्जा लिनका लागि सङ्घर्ष गर्नुपर्‍यो । आफ्नै मेहनतले भिर, पाखो, जङ्गल चरन खारेर उब्जाउयुक्त बनाएको जग्गा मालिकहरूको गिद्दे आँखा लागेपछि किसानले भूमिको स्वामित्व पाउन सकेनन् । पाए त केवल दुःख र पीडा अनि अभाव र गरिबी ।

इतिहास खोतल्दा राजा पृथ्वीनारायण शाहले वि.सं. १८०१ मा नुवाकोट जितेपछि रसुवामा बिर्ता प्रथाको थालनी भएको पाइन्छ । पृथ्वीनारायण शाह तत्कालीन समयमा गोसाइँ-कुण्डको तीर्थयात्रा जाने क्रममा रसुवा जिल्लाको बाटो हुँदै जाँदा आफ्ना साथमा सहयोगी पनि लिएर गएका थिए । त्यस समयमा हालको धैबुङ, भोर्ले र लहरेपौवा गाविस नुवाकोट जिल्लामा नै पर्दथ्यो । उनी पहिलो पटक गोसाइँ-कुण्डको तीर्थयात्रा जाँदा आफ्ना सहयोगी र पुरोहितहरूलाई आँखाले देखेजति जमिन वा हातको इसाराले यति यति लिनू भनेर व्यक्ति व्यक्तिलाई छुट्याइदिएका थिए । तर त्यतिखेर प्रायः भूमि उब्जाउयुक्त थिएन । भिर पाखो, जङ्गल, चरन चौर, बगरमात्र थियो । त्यसको केही समयपछि यो बिर्ता भनिएको जिल्लाकै उब्जाउयुक्त जमिन ती राजाका भारदार र सहयोगीले यहाँका जनतालाई तिमीहरू यो जमिन बिराएर कमाउनू भनी दिएको पाइन्छ ।

लामो समयसम्म खेतीपाती गर्दै जाँदा किसानले आफ्नो जीवन पनि त्यही जमिनमा बिताए । पूर्खापछि नयाँ पुस्तामा जमिन हस्तान्तरण हुँदै जाँदा र दिनानुदिन आवश्यकता बढ्दै जाँदा भूमिमाथिको स्वामित्व आवश्यक हुँदै गयो । पसिनाको फल पहिलेपहिले त जग्गावाललाई बुझाउनुपर्थ्यो । त्यतिखेरको पीडा भोगेका किसान धेरैजसो बितिसकेका छन् । बाँकी बूढापाकामा अझै त्यो पीडा ताजै छ । स्वामित्व भन्नेबित्तिकै भूमि उपयोगको लालपूर्जाको आवश्यकता पर्छ । त्यही भूस्वामित्व पीडितलाई दिलाउनका लागि भूमि अधिकार मञ्चमार्फत् भूमि आन्दोलनको औपचारिक सुरूवात् भएको थियो ।

वि.सं. २०३५/३६ देखि नै किसानले भू-स्वामित्व माग गरिरहेका थिए । पटकपटकको धोकापछिको भूमि आन्दोलन जनताका लागि महत्वपूर्ण अभियान बन्यो । भूमिको स्वामित्व चाहियो भनिरहेका किसानले ३५ वर्षपछि भरखरै भू-स्वामित्व प्राप्त गरे । अझ धेरै रसुवाका भूमिपीडितले पाउन बाँकी नै छ ।

भूमि आन्दोलनमा रसुवा र रसुवा निकटका शुभचिन्तकहरूको महत्वपूर्ण योगदान छ । वि.सं. २०५१ सम्म किसानले कुत बुझाउँदै आएका थिए । त्यसपछि जग्गावालसँगको सम्पर्क टुट्दै गएपछि कुत बुझाउन छोडिएको थियो । वि.सं. २०५१ पछि भवानीप्रसाद न्यौपाने र वसन्त मगरलगायत्का व्यक्तिको अगुवाइमा आन्दोलन भइरहेको थियो । सशस्त्र द्वन्द्वको समयमा बिर्ताको समस्यामा कमैको ध्यान गयो । २०६० सालमा नेपाल कृषि वन प्रतिष्ठानको सुझावअनुसार समाचारमार्फत् समस्या उठाउन सुरू भएको हो । पत्रकार हेमनाथ खतिवडाले हाकुको गुठी पीडा सञ्चार माध्यममा प्रकाशन गरेपछि भूमि अधिकारको माग उठेको हो ।

पछि राष्ट्रिय भूमि अधिकार मञ्च र सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको उपस्थितिमा एक गोष्ठी सञ्चालन भएपछि औपचारिकरूपमा भूमि आन्दोलन गर्नको लागि सङ्घर्ष समिति

# जग्गा रैकर भयो !



बन्यो । हाकुलगायत् तल्ला तीन गाविसका बिर्तापीडित, सुकुम्बासी र गुठीपीडितको समस्या सुल्झाउनका लागि बनेको भूमि अधिकार सङ्घर्ष समितिले समस्या समाधान गर्नका लागि प्रतिबद्धता जनाएपछि भूमि आन्दोलन उत्कर्षमा पुगेको हो ।

यस क्रममा धेरै चुनौती पनि नआएका हैनन् । राष्ट्रिय भूमि अधिकार मञ्च, जिल्ला शाखा रसुवाका पदाधिकारी नै मञ्चबाट बाहिरिएर आन्दोलनको विरोधमा लागे । नेपाल कृषि वन प्रतिष्ठानको सहयोगमा गाउँगाउँमा भूमि अधिकार समूह बनाउँदै चेतनामूलक कार्यक्रम सञ्चालन गरेपछि जनतामा प्रभाव पर्दै आन्दोलनमा गाउँगाउँबाट प्रतिनिधित्व भएको पाइन्छ ।

फिल्डमा खटिने व्यक्तिमा विशेषगरी मञ्चका अध्यक्ष भवानीप्रसाद न्यौपाने, हेमनाथ खतिवडा, सुष्मा न्यौपाने, सङ्गीता लामिछाने र विश्वास नेपाली लागयत रहे । सुरूसुरूमा गाउँमा भूमि स्वामित्वको कुरा गर्दा खिल्ली उडाउने पनि थिए । सम्भव नहुनेखालका अभिव्यक्ति पनि आएको थियो । मञ्चलाई विश्वास नगर्नेहरूले पूर्जा पनि पाएका छैनन् । उता म्याद सकिएका कारण उनीहरूका समस्या अझै सुल्झेको छैन । यस काम यसरी सफल हुनुमा राष्ट्रिय भूमि अधिकार मञ्च, सामुदायिक आत्मनिर्भर सेवा केन्द्र र कृषि वन प्रतिष्ठानको महत्वपूर्ण सहयोग छ ।

समुदायस्तरका कार्यक्रमदेखि केन्द्रमा प्रधान मन्त्री, भूमि सुधार मन्त्री, भूमि सुधार मन्त्रालय, विभाग, गुठी संस्थान, प्राकृतिक स्रोत साधन समितिलगायत्का ठाउँमा डेलिगेसन जान र मागपत्र बुझाउने कार्यसम्ममा माथि उल्लेखित व्यक्तित्वबाहेक मञ्चका टङ्कनाथ नगरकोटी, खिलप्रसाद आचार्य, शान्ता ग्लान, राधिका लामिछाने, लक्ष्मी गुरुङलगायत्को महत्वपूर्ण योगदान रह्यो ।

किसानलाई पूर्जा वितरणका लागि मन्त्री परिषद्बाट निर्णय गराउनमा जिल्लाका राजनीतिक दल र सभासद्को भूमिका पनि उल्लेखनीय रह्यो । रसुवाको भूमि आन्दोलनका कारण मन्त्री परिषद्को निर्णय आज देशभरिकै लागि उपर्युक्त बनेको छ । यहाँको बिर्ता जग्गा दर्ताका लागि खुलाएका कारण छिमेकी जिल्ला नुवाकोट, धादिङलगायत् राजधानीका ३ जिल्ला र अन्य जिल्लाले समेत फाइदा लिन सके । रसुवाको भूमि आन्दोलनबाट १४९ वटा जग्गाधनी प्रमाण पूर्जा बनेको छ भने ४ सयभन्दा बढी कृषक प्रत्यक्षरूपमा लाभान्वित भएका छन् । महिलामा भू-स्वामित्व माग गरिरहेका बेला ३६ जना महिलाको नाममा जग्गाधनी प्रमाण पूर्जा बनेको छ ।

हकदाबीसम्बन्धी ३५ दिने सूचना प्रकाशन गर्नका लागि सामुदायिक आत्मनिर्भर सेवा केन्द्र र नेपाल कृषि वन प्रतिष्ठान तथा किसानको सहयोग आवश्यक पर्‍यो । किसानसँग थोरैमात्र सहयोग लिएर सूचना प्रकाशनका लागि चाहिने रकम हामीले ती संस्थाबाट प्राप्त गर्‍यौं । सूचना प्रकाशनार्थ ३ लाख रूपियाँ खर्च भएको छ ।

भूमि अधिकारको प्रत्याभूति गराउन जति भूमि अधिकार मञ्च र अभियानकर्मी तल्लीन थिए, त्यति मालपोत कार्यालय थिएन । म्याद तामेलीका लागि पठाइएका कागजपत्र काठमाडौंमा त्यत्तिकै थन्किएपछि र किसानले पूर्जा नपाउने भएपछि हाम्रो टोलीलाई काठमाडौंमा पनि आन्दोलन गर्न लम्कायो । काठमाडौंका वडावडामा जहाँ जग्गावाल छन् भनिएको थियो, त्यहाँसम्म पुगेर हामीले तामेलीका लागि सूचना टाँस गर्‍यौं । त्यस क्रममा घर नै नभएको जस्तो गरी वडा कार्यालयमा सूचना टाँस गरिएको जस्ता गुनासा पनि केही जग्गावालबाट आए । मञ्चलाई विश्वास गरेर समयमा निवेदन दर्ता गराएका वा भूमि आन्दोलनमा अहोरात्र खटिएका पीडितले ढिलै भए पनि पूर्जा पाएका छन् तर मञ्चको विश्वास नगरेका पीडितको निवेदन नपरेका कारण समस्या अझै छ ।

राष्ट्रिय भूमि अधिकार मञ्चको नेतृत्वमा भएको आन्दोलनले केही किसानले राहत महसुस गरेका छन् । धेरैजसो किसान बुढेसकालमा लालपूर्जा पाएका कारण खुसीले गद्गद हुँदै हातमा पूर्जा देखाउँदै हिँडेका पनि देखिए । तर पनि राजस्व वृद्धिका कारण लालपूर्जाको महङ्गो मूल्य तिर्नुपरेकामा भने उनीहरुको गुनासो रह्यो । बाँकी समस्या छिन्न पनि अझै सशक्त भएर लाग्नु आवश्यक छ । ■

# किसान नेता राधाकृष्ण थारु

बर्दिया जमिनदारी प्रथा मौलाएको जिल्ला हो । उर्बर र मलिलो माटो, थारुहरुको सस्तो श्रम, कर्णाली, गेरुवा, ओरही र बबई नदीको सिचाइ लाग्ने भएकाले यहाँको जमिनमा जमिनदारले आँखा गाडेका थिए । जमिनदारले आफ्नो जमिन्दारीभित्र उर्दी-बुर्दी र उठ्ती-पुठ्तीको काम गर्थ्यो । जनतालाई अराउने, काममा लगाउने र सबै खटनपटन गर्ने हैसियत राख्थे । काम लगाएबापत कुनै पारिश्रमिक दिँदैनथे ।

खेतिपातीका बेला स्थानीयले जमिनदारको काम सित्तैंमा गरिदिनुपर्थ्यो । त्यतिमात्र हैन, उनीहरुले मागेका बेला कर-कोशेली, सलामी र नजराना नदिए उनीहरुको आँखाको तारो बन्नुपर्थ्यो । स्थानीयका जवान छोरी-बुहारीको इज्जत जोगाउन पनि धौ धौ पर्थ्यो त्यसबेला । सोझो अर्थमा भन्दा जमिनदारले किसानलाई पशुको व्यवहार गर्थे ।

यस्तै अवस्थाबाट साह्रै चिन्तित राधाकृष्ण थारु २००१ सालदेखि नै जमिनदारी प्रथाविरुद्ध लागिसकेका थिए । त्यतिबेला राणा शासन निकै कडा भएको र जमिनदारलाई पनि उनीहरुकै आशीर्वाद प्राप्त भएकाले राधाकृष्ण गुप्तरुपमा लागेका थिए । भारतमा महात्मा गान्धीले छेडेको 'भारत छोडो' आन्दोलनबाट प्रभावित राधाकृष्ण नेपालमा पनि केही गरेर देखाउन चाहन्थे । यही कारण उनी जमिदारहरुको शोषणविरुद्ध उत्रेका थिए ।

जनताको दुःख, कष्ट बढ्दै गएको थियो । उता जिन्दगीभर उनीहरुले जमिनदारको गुलामी गर्नुपर्नाले दुर्दशा निम्तिएको थियो । श्रम जनताको हातमा भए पनि त्यो लगाउने ठाउँ र अधिकार भने तिनै जमिनदारको हातमा थियो । जमिनदारको सुख र ऐश्वर्यका निम्ति आफूलाई बलिदानसमेत दिनुपर्ने अवस्था जनताले भोगिरहेका थिए । यस्तो अवस्था देखेर छटपटिने राधाकृष्णले उनीहरुलाई मुक्त गराउन अभियान नै थाल्नुपर्ने निष्कर्ष निकाले । आफ्नो खेतबारी नभएकाले जमिनदारले भनेको मान्नैपर्ने बाध्यता थियो उनीहरुमा ।

यसका लागि सबैभन्दा पहिले शोषित जनतालाई सङ्गठित गर्नुपर्थ्यो तर त्यो सहज थिएन । त्यसैले साधुहरुको भोज भण्डार गर्ने बहानामा २००१ सालमा राधाकृष्णले एउटा भेला गरे । जसमा शोषित स्थानीय जनता सहभागी थिए । यो भेलामा उनले जनताकै नाममा घर जग्गा हुनुपर्ने, बर्दियामा स्कुल, बाटो, अस्पताल आदि बन्नुपर्ने आदि माग राख्ने प्रस्ताव राखे । सहजै भेला हुने अवस्था नभएकाले राधाकृष्णले आफू साधुको भेष धारण गरी 'भगत' नाम राखे । अनि यस्तै भेला अन्यत्र पनि गरे ।

तर जमिनदारले यस्ता बैठकबारे थाहा पाएपछि अनेक बाधा खडा गरे । त्यसपछि घना र बाघ भालु लाग्ने जङ्गलभित्र भेला गर्न राधाकृष्ण अर्थात् साधु भगत बाध्य भए । तर पनि जमिनदारले निगरानी गरि नै रहे । र, राणाहरुलाई राधाकृष्ण थारु कङ्ग्रेस भएको कुरा लगाए । राणा शासनको विरोध गर्नेलाई त्यतिबेला राणा शासकले कङ्ग्रेस भएको आरोप लगाउँथे । मानौं कि कङ्ग्रेस भनेको ठूलै अपराधी हो । यही कारण जमिनदारले राधाकृष्णविरुद्ध राणा शासकहरुलाई उनी कङ्ग्रेस भएको चुक्ली लगाएका थिए ।

बर्दियामा धेरै राणाले बिर्ता बनाएका थिए । एकातिर भारतको प्रभावले गर्दा जनता सङ्गठित भई राणा शासकविरुद्ध लाग्ने क्रम बढेको थियो भने अर्कोतर्फ आफ्नै बिर्तास्थलमा कुनै गडबडी भएमा खाइपाइ आएको आम्दानी पनि गुम्ने भय राणाहरुमा थियो । त्यसैले २००१ सालमा युद्ध शमशेरले राधाकृष्णलाई एक पत्र पठाई आफूले बर्दियामा मानजनी ??अड्डा राख्न चाहेकाले त्यसप्रति राय मागेका थिए । प्रतिउत्तरमा राधाकृष्णले आफ्नो बस्ने घर र गरिखाने खेत नै नभएकालाई यस्तो अड्डाको काम छैन भनेका थिए । उनले सर्वप्रथम यहाँका गरिखाने किसानको नाममा जग्गा दर्ता हुनुपर्ने माग पनि राखेका थिए ।

यिनै मागहरु पूरा गराउनका लागि राधाकृष्णले हस्ताक्षर अभियान चलाएका थिए । जमिनदारले थाहा पाएमा अवरोध गर्ने भएकाले उनले यो अभियान गुप्तरुपमा चलाएका थिए । २००३ सालमा यसरी सङ्कलित हस्ताक्षर लिएर उनी राणा शासकलाई बुझाउन काठमाडौं गए । उता राधाकृष्ण काठमाडौं जाने कुरा थाहा पाइसकेका जमिनदारहरु पनि विभिन्न कोशेली लिएर उनीभन्दा अघि नै राणाको पाउमा पुगे ।

जमिनदारहरुले राधाकृष्ण कङ्ग्रेस भएको र यसले जनता भड्काइरहेको छ भन्दै यसका कुरा नसुन्न राणाहरुलाई कुरा लगाए । यसैबीच काठमाडौं पुगेर रक्तकाली भुरुङखेल टोलमा डिठ्ठा भद्रमान चित्रकारको घरमा बसेका राधाकृष्णलाई पक्रन १६ जना सशस्त्र आठपहरिया पठाइयो । काठमाडौं पुगेको भोलिपल्टै पक्राउ परेका उनलाई मोहन शमशेरकहाँ लगियो । जहाँ उनले निकै हप्काई खानुपर्‍यो । डर त्रास देखाइयो ।

तिमीहरु कङ्ग्रेस हौ, कोक्रोमा हालेर राख्छौं भनेर धम्काइयो । त्यसपछि पद्म शमशेरकहाँ लगेर यिनीहरु कङ्ग्रेस भएकाले शासनसत्ताका विरुद्ध जनता भड्काइ हिँड्छन्, यिनीहरुलाई कारबाही नगरी त्यत्तिकै छाड्नुहुन्न भनेर उचाले । यो कुरा सुनेपछि राधाकृष्णले आफूहरु कङ्ग्रेस नभई जनताको वारेस भएकाले जनताकै हस्ताक्षर लिएर आएको बताए ।

अनि बिन्ति गरे कि जनताको मागअनुसार उनीहरुका नाममा जमिन दर्ता गरिदिनुपर्‍यो । माग गर्ने र यसमा हस्ताक्षर गर्नेहरुको बिटो बोकेर ल्याएका छौं । त्यसपछि पद्म शमशेरले उक्त बिन्तिपत्र मधेस रिपोर्ट

निक्सारी अफिसमा दिनू भन्ने आदेश दिए । यही कारण २००४ सालको वर्षात्पछि जनताका कुरा बुझ्न, गुनासा सुन्न र नापीसमेत गर्न बर्दियामा टोली पठाइयो ।

ब्रह्म शमशेरको नेतृत्वमा गएको उक्त टोलीले स्थानीय जनताको गुनासा सुन्ने काम गऱ्यो । जमिनदारहरुले गरेका अत्याचारबारे टोलीलाई सुनाउने क्रममा एक जना राणा जमिनदारले यो बढी कुरा गर्छ, यसलाई जेल हाल्नुपर्छ भने । त्यसपछि टोलीका सदस्य विजय शमशेरले तपाईहरु ढुक्क भएर आफ्ना कुरा राख्नूस्, जेल जानुपरे पहिला म जाउँला भनेर उनीहरुलाई ढाडस दिए ।

यो टोलीले स्थानीयको नाममा जग्गा दर्ता गरिदियो । जसमध्ये १३ हजार विघा जग्गा उनीहरुको नाममा भयो । तर विडम्बना, टोली काठमाडौं फर्केलगत्तै जमिनदारले फेरि छलछाम र षडयन्त्र गरेर स्थानीयको नाममा दर्ता भएका जमिन फिर्ता गराउन थाले । यसविरुद्ध पनि राधाकृष्ण सक्रिय भए । उनी यसैका लागि काठमाडौं पुगेर राणाहरुसँग उजुरी गरे । त्यसपछि फेरि राणा शासकले बासदेव प्याकुरेलको नेतृत्वमा अर्को टोली खटायो । यो टोली २५ हजार बिगा? जमिन स्थानीय किसानका नाममा गरायो ।

यसपछि पनि राधाकृष्ण सित्तैंमा काम लगाउने र शोषण गर्ने जमिनदारहरुविरुद्ध लागिरहे । उनकै नेतृत्वमा थुप्रै कुलो बनेका छन् । अन्य सामाजिक काम पनि भएका छन् । यस्तो किसान नेताको २०४५ साल मङ्सिर २५ गते ७८ वर्षको उमेरमा निधन भयो । ■

*- (दिनेशप्रसाद श्रेष्ठ लिखित बर्दिया, जमिनदारी, नेपाली कङ्ग्रेस र जननेता राधाकृष्ण थारु नामक किताववाट)*



# यस्तो छ हालचाल सेमरी घुम्ती गाउँ भूमि अधिकार मञ्चको

रुपन्देहीको मानमटेरिया गाविस-४ सेमरी घुम्तीमा २०२२ सालदेखि ७७ परिवार ऐलानी जग्गामा बसेका छन् । यहाँ मधेसी, थारु र पहाडी मूलका मानिस छन् । २०६७ साल असारमा अभियानकर्ता कोपिला सापकोटाको सहजीकरणमा सेमरी घुम्तीको परिवेश विश्लेषण गरियो । सुकुम्बासी र भूमिहीन पहिचान गरी हिरालाल विकको अध्यक्षतामा गाउँ भूमि अधिकार मञ्च बन्यो । मञ्चमा १८ महिलासहित २३ जना सङ्गठित छन् । प्रत्येक महिनाको ११ गते बैठक बसी आफूले भोगेको समस्याबारे छलफल गर्ने र सबैको सहभागितामा निर्णय गरी योजना निर्माण गरिन्छ ।

प्रत्येक महिना प्रतिसदस्य रु.१०/- का दरले आन्दोलन कोष जम्मा गरिन्छ । अहिले यस मञ्चमा रु. ९,८०५/- आन्दोलन कोष सङ्कलन भएको छ । सदरमुकाममा हुने आन्दोलनमा यसै आन्दोलन कोषको रुपियाँ खर्च गरेर सहभागिता हुने गरेको छ । आन्दोलनमा खर्च भएको रुपियाँको हरहिसाव राख्ने गरिन्छ र बैठकमा खर्चको हरहिसाव सुनाउने गरिन्छ ।

वर्षौंदेखि ऐलानी जग्गा जोतभोग र बसोबास गरेको भए पनि कुनै प्रमाण थिएन । यसबारे असोजमा मञ्चको बैठकमा छलफल भयो । आफूले जोतभोग र बसोबास गरेको ऐलानी जग्गाको सिफारिसका लागि गाविसमा निवेदन दिए । सिफारिसका लागि मञ्चका सदस्य पटक-पटक गाविसमा गए । तर गाविस सचिवले कहिले आफू बिरामी भएको त कहिले सर्वदलीय समितिले निर्णय गरेपछि मात्र सिफारिस दिन मिल्छ भनेर आनाकानी गरिरहे ।

मङ्सिरमा मञ्चका सदस्यले घेरेपछि गाविस सचिवले 'तपाईहरुले ऐलानी जग्गा जोतभोग तथा बसोबास गरेको कुनै आधार छैन, यसका लागि गाउँ सर्जमिन गरेरमात्र सिफारिस दिन मिल्छ' भने । माघमा गाविसबाट सर्जमिन भयो । तर गाविस परिषद्ले ऐलानी जग्गाको मूल्याङ्कन गरेर प्रतिकट्ठा रु. १५०/-, ५००/- र १०००/- सम्म दस्तुर लिएरमात्र जोतभोग तथा बसोवासको आधार प्रमाण सिफारिस दिने निर्णय गऱ्यो । यस्तो निर्णयको जानकारी पाएपछि मञ्चका सदस्यले फेरि गाविस कार्यालय घेरे ।

साथै उनीहरुले गाविस परिषद्को निर्णय नमान्ने बताउँदै प्रतिपरिवार रु. ६५/- दस्तुर लिएर सिफारिस दिनुपर्ने माग राखी गाविसमा ज्ञापनपत्र बुझाए । यसबारे फागुन २५ गते गाविसमा बैठक बस्यो । मञ्चका सदस्यले सर्वदलीय समितिका प्रतिनिधिलाई प्रतिपरिवार रु. ६५/- दस्तुर लिएर सिफारिस दिने निर्णय नगर्दासम्म कोठाबाट बाहिर निस्कन नदिने भनेर बाहिर धर्ना दिए । अन्त्यमा सर्वदलीय प्रतिनिधिले मञ्चकै मागअनुसार निर्णय गऱ्यो ।

२०६७ फागुन २७ गते गाविसले जोतभोग तथा बसोबासको आधार प्रमाणको सिफारिस दियो । गाविसले दिएको सिफारिसको आधारमा मञ्चका सबै सदस्यले सुकुम्बासी समस्या समाधान जिल्ला समिति, रुपन्देहीमा जग्गा दर्ताका लागि निवेदन दिए । तर आयोगको काम गर्ने अवधि सकिएको जानकारी आयोगका अध्यक्ष ओम अर्यालले दिए । अध्यक्षको कुरा सुनेपछि सदस्यहरु अत्तालिएनन् । बरु अर्को अधिकार सम्पन्न आयोग गठनका लागि सरकारलाई दबाव दिनुपर्नेमा एकजुट भएका छन् ।

गाउँ भूमि अधिकार मञ्चमा हिरालाल बिक, कृष्णकला चौधरी, पार्वती बोहरालगायत् ८ जना प्रतिबद्ध अगुवा तयार भएका छन् । अगुवाले गाविसस्तरमा हुने आन्दोलनको योजना बनाउने, स्थानीय राजनीतिक दलका प्रतिनिधिहरुसँग समन्वय गर्ने र आन्दोलनको अगुवाई गर्ने गर्छन् । त्यसैगरी जिल्लास्तरमा हुने आन्दोलनमा मञ्चका सदस्यलाई खबर गर्ने, आन्दोलनको मागबारे छलफल गर्ने, आन्दोलनमा चाहिने स्रोत सङ्कलन गर्ने जस्ता काममा पनि उनीहरु सक्रिय हुने गरेका छन् । 'आन्दोलनमा लागेको दुई दिनमा नै भूमि अधिकार पाइँदैन, यसका लागि लामो सङ्घर्ष गनुपर्ने र सङ्गठन सक्रिय भयो भने मात्र अधिकार पाइन्छ'- अगुवाहरुको बुझाई छ । ■

**प्रस्तुति : शुभराज चौधरी**


# दलितका सम्बन्धमा आँखा खोल्ने पुस्तक

आहुतिलाई व्यक्तिगत भेटघाटमा सामान्य चिनजान भएको ठ्याक्कै सम्झना छैन तर उनलाई असलमा चिनेको नयाँ घर पुस्तक पढेपछि हो । मैले पढेका सीमित पुस्तकमध्ये दोहोऱ्याएर पढेको र सम्झना आइरहने पुस्तक छ, नयाँ घर । यसपछि उनका फुटकर रचना पनि पढ्न छाडिएन ।

नेपालको राजनीतिक सङ्घर्ष र दलित मुक्ति आन्दोलनमा दुई दशकदेखि क्रियाशील आहुतिको नेपालमा वर्णव्यवस्था र वर्ग-सङ्घर्ष पुस्तक अब्बल सिर्जना हो । समता फाउण्डेसनले प्रकाशन गरेको पुस्तकको परिचय खण्डमा समाजशास्त्री चैतन्य मिश्रका समीक्षा र उनका आफ्नै विचार पनि छापिएका छन्- ५० पृष्ठ लामो । यसले किताबको गहनता अझै बढाएको छ ।

गहिरो ज्ञान रुचाउने पाठकका लागि यो पुस्तक पठनीय र सङ्ग्रहणीय दुवै छ । समता बुक्सले पहिलो प्रकाशनमा नै गतिलो पुस्तक छापेको छ । पुस्तकको डिजाइन, प्रयोग गरिएका कागज सबै हेर्दा रु. २५०/- मा उपलब्ध गराउनुमा धेरैले पढून् भन्ने उद्देश्य देखिन्छ । नेपालको दलित मुक्ति आन्दोलन छुवाछुतको सवाल हुँदै विशेषाधिकारको विन्दुमा आइपुगेको लेखकको तर्क छ । आन्दोलनलाई गतिविधिको स्तरमा जतिसुकै बाक्लो गरी जोडे पनि प्राज्ञिकस्तरमा आन्दोलन जोडिएन भने त्यसले ल्याउने परिणामको गहिराई नपुग्ने उनको ठम्याई छ ।

पुस्तकमा दलित शब्दबारे गरेको चिरफार पनि निकै चित्तबुझ्दो छ । पुस्तकमा दश परिच्छेद छन् । दलित शब्दबारे भ्रम र वास्तविकता, हिन्दू समाजमा दलित मुक्तिको प्रश्न, हिन्दू सामन्तवाद, राज्य पुनर्संरचना र दलित, संविधान सभा र दलित पहल, दलितका लागि आरक्षण अधिकार, सङ्घीय शासन प्रणाली र दलित समुदाय, दलित महिलाको




राजनीति, नयाँ संविधान र दलित आन्दोलनको कार्यभार, मधेसी दलित मुक्तिको प्रश्न, नेपाली दलित आन्दोलनको भविष्य शीर्षकमा विश्लेषण गरिएको छ । यी विषयले नै पुस्तकको वान्की र समावेशिता प्रष्ट झल्किन्छ ।

अछुत जातबाट कसरी दलित समुदायको निर्माण भयो ? भन्ने विषय दलित शब्दबारे भ्रम र वास्तविकतामा समेटिएको छ । दलित महिलाको राजनीतिले अन्य महिलाको तुलनामा दलित महिलाले भोगेका अन्यायको लेखाजोखा गरेको छ । मधेसी दलित मुक्तिको प्रश्नमा भूमिहीनता मुख्य समस्या रहेकाले मधेसी दलितको समस्या वर्गीय समस्यासँग घनिष्ठ हुन पुगेको छ र उनीहरुको मुक्तिको विषय वर्ग सङ्घर्ष हो भन्नेमा जोड दिइएको छ । संविधान सभा र दलित पहल परिच्छेदमा नेपालका आन्दोलनले राजनीतिक स्वतन्त्रतामै अत्याधिक जोड दिएको र आर्थिक र सांस्कृतिक पक्ष सिमान्तमा परेको प्रष्ट्याइएको छ ।

पुस्तकमा भूमि व्यवस्था र दलितको स्थिति र कारणलाई नसुल्झिएको समस्याः सामन्ती भूमि-सम्बन्ध शीर्षकमा विश्लेषण गर्नु भएको छ । दलितहरुमाथि थोपरिएको बालीघरे, हलिया, डोलीलगायत्का प्रथा जीवित रहनु र उनीहरु बेरोजगार हुनुको मुख्य कारण सामन्ती भूमि सम्बन्ध नै हो । भूमि आयोगहरुले गरिब किसानको पक्षमा राम्रा सिफारिस गरे तापनि लागू नभएका र ती आयोगले पनि दलित भूमिहीनतालाई विशिष्ट ढङ्गले सम्बोधन गरेनन् । भूमि व्यवस्थासम्बन्धी ऐन कानुनहरु असफल दस्तावेजका चाङ हुन् । तिनले भूमिसम्बन्धी समस्यालाई समाधान गर्दैनन् र दलितका समस्यालाई त झनै गर्दैनन् भनेर सटिक टिप्पणी गरिएको छ ।

आहुतिको यो पुस्तकको सम्बन्धमा चैतन्य मिश्रले लेखेका छन्- यो पुस्तक दलितको स्थिति मापन गर्नेभन्दा धेरै उपल्लो स्तरको छ : स्थितिको व्याख्या गर्ने, कारण खोज्ने । त्यो पनि दलितपनाको सम्पूर्णतामा, दलित र नदलित वा दल्नेहरुबीचको सम्बन्धको प्रकृतिमा, दक्षिण एसियामा छुवाछुत सुरु भएदेखि हालसम्मको सिङ्गो ऐतिहासिक शृङ्खलामा र सम्पूर्ण अर्थात् राजनीतिक, आर्थिक र सांस्कृतिक क्षेत्रहरुमा ।

छुवाछुतको बहसमा अल्झिएको दलित आन्दोलनलाई आहुतिको यो पुस्तकले उज्यालो प्रकाशको काम गरेको छ । उनले दलितका सम्बन्धमा ऐतिहासिक विश्लेषण गरेका छन् । वर्तमानको अवस्था केलाएका छन् र भविष्यको गन्तव्य पनि देखाएका छन् । दलित समस्या सामाजिक आर्थिक, संरचनागत र राजनीतिक आयामबाट समाधान खोजिनुपर्ने र सतही विषयमा अलमलिएर बस्न नहुनेमा जोड दिइएको छ । संविधान सभामा विभिन्न राजनीतिक पृष्ठभूमि भएका ५० दलित सभासद् भए पनि मुद्दा उठाउने विषयमा जोडबल पुगेको छैन भन्नेमा उनको चिन्ता छ । ■

– जगत देउजा

# भूमि अधिकार उल्लङ्घनका घटना

**१**

**पीडित :** उषा पुन

**ठेगाना :** रझेना, घोराही नगरपालिका-६, दाङ

**घटना :** २०६३ सालदेखि १ कट्ठा १० धुर ऐलानी जमिनमा खेती गर्दै आएकी थिइन् । उक्त जग्गा नजिकका जमिनदार **वसुन्धरा गौतम**ले आफ्नो हो भनी बार फाल्ने, घर भत्काउने गरे । उषा सुकुम्बासी हुन् । उनको आफ्नो नाममा एक धुर पनि जमिन छैन । त्यसैले त्यही जग्गामा बस्दै खेती गर्दै आएकी थिइन् । सुकुम्बासी आयोग बन्यो तर उनी भने अधिकार पाउनबाट वञ्चित भइन् ।

**असर :** यति जमिनको उत्पादनले उनीहरुको जीविका जसोतसो चलेको थियो । उक्त जग्गामा जमिनदारले पटक-पटक दुःख दिँदा उनीहरुको जेनतेन चलेको जीविका खोसिँदैछ । उनीहरुको बास खुला आकासमुनि हुने भएको छ ।

**वर्तमान अवस्था :** जमिनदार वसुन्धरा गौतमले प्रहरी बोलाई उक्त जग्गा मेरो भनी दाबी गरेपछि भूमि अधिकार मञ्चका सदस्य, राजनीतिक दल र प्रहरीले उक्त जग्गाको प्रमाणस्वरुप लालपूर्जा र नक्शा देखाउन भने । त्यसपछि उनीहरुले जमिनदारले पूरा प्रमाण नदेखाएसम्म पीडितलाई त्यहाँबाट नहटाउने निर्णय भएको छ ।

**२**

**पीडित :** १४ परिवार

**ठेगाना :** भोडाहा टोल, बदगाहा गाविस, सप्तरी

**घटना :** भोडाहा टोल, कोशीको दोस्रो बाँध र त्रियुगा नदीको बीचमा छ । यस ठाउँबाट अन्दाजी ७ किमी टाढा कोशी पर्दछ । सिचाइ हुने भएकाले यहाँको जमिन खेतियोग्य छ । सयौं विगाहा खेती गर्न सकिने जमिन भए पनि २०६७ जेठबाट नै कोशी टप्पु वन्यजन्तु आरक्षले खेती गर्न दिएको छैन । १४ घर (१० घर राम, ३ घर थारु र १ घर मुखिया परिवार) २०६४ सालबाट यहाँ बसोवास गर्दै आएका थिए । त्यसअघि उनीहरु जमिनदार नारायणप्रसाद सिंहको जग्गामा घर बनाई उसैको हरुवाका रुपमा काम गर्दै आएका रहेछन् । बस्ती हटाउनका लागि आरक्षले ३५ दिने सूचना टाँस गरी सोही सूचनाका आधारमा २०६८/१/९ गते दिउसो १ बजे आरक्षका सेना आएर घर भत्काइदिएका छन् । घरका खाँबा बन्चराले काटी भत्काइएको थियो । भत्काउनका लागि पथरी कुसाहा पोष्टका सेना वार्डेन अशोककुमार रामको नेतृत्वमा सीमसारको गाडी लिएर आएका थिए ।

**असर :** २ वटाबाहेक सबै घर बस्न नहुने अवस्थामा छ । सिरन सदा (०५५११८३१), शिव सदा (नाप्रनं.१६२००२), जसोमती देवी (०५५१५०८३), हरदेव सदा ( ५००६), कोमनीदेवी, (०५५११८३) जितन सदा, पुरन सदा, हरिलाल सदा, पाँचु चौधरी, बलदेव चौधरी, छेवल चौधरी, खुशीलाल मुखिया, विजय मुखिया, दुखाई सदामध्ये ७ घरका मानिस त्यही भत्केको घरमा घुम ओडेको जसरी बसिरहेका छन् ।

**वर्तमान अवस्था :** आरक्षले गरेको कामविरुद्ध आन्दोलनमा जानेको घर जलाइदिन्छौं भनेकाले परेको अन्यायबारे बोल्नसमेत पाएका छैनन् । यसविरुद्ध खुल्नसमेत उनीहरुलाई डर छ ।



**३**

**पीडित** : ६ परिवार

**ठेगाना** : झनकट्टा, जगतपुर गाविस १, सप्तरी

**घटना** : यस टोलमा रहेका २८ मध्ये ६ घर २०६८ वैशाख ९ गते भत्काइएको छ। जोगेन्द्र सदा, धौलाई सदा, वुदिलाल सदा, दीपक सदा, कुमाल सदा र छुतरु सदाको घर कुसाहा आरक्षको निर्देशनमा भत्काइएको छ। यो बस्ती व्यवस्थित र तुलनात्मकरुपमा आर्थिक स्थिति पनि सुदृढ छ। यस बस्तीका ६ घर नयाँ बनाएको भनेर भत्काइएको हो। ती ६ घरमध्ये केही भाइ छुट्टिएर त केहीले पालीमात्र नयाँ हालेका थिए। यही गाविसका अन्य वडामा सोही प्रकृतिका जग्गामा धनीहरुले घर बनाएर सयौं गाईवस्तु पालेर बसेका भए पनि केही नगरेको तर मुसहरलाई मात्र खेदो गरेको पीडितहरुको भनाई छ।

**असर** : ऋण गरेर वा वर्षौंदेखिको कमाई खेर गएको छ। गरिब वा तल्लो जात भएकाले हेपिएको महसुस पीडितलाई भएको छ।

**वर्तमान अवस्था** : सुनसरीको कुसाहा आरक्ष पोष्टका मेजर विष्णु बस्नेत र वार्डेन अशोककुमार रामसँग छलफल हुँदा माथिल्लो निकायको आदेशअनुसार हटाएको जानकारी दिइयो। पीडितहरुले अहिले बसिरहेको स्थानबाट कसैलाई पनि नहटाउनू भन्ने सरकारी निर्देशन देखाएका थिए। त्यसपछि उनीहरुले सोही गाविसमा २६ विगाहा ऐलानी जग्गा भएकाले गाविस तहमा मञ्चसहित बसेर छलफल गरी उनीहरुलाई त्यस्तो जग्गामा बसाउन सहयोग गर्ने आश्वासन दिएका छन्।

**४**

**पीडित** : रामसुमेर भर

**ठेगाना** : मधुवनी, मानमटेरिया-४, रुपन्देही

**घटना** : २०२८ सालदेखि रामसुमेर भरले करिव १८ कट्ठा ऐलानी जग्गा जोतभोग गर्दै आएका थिए। उनले जोतभोग गरेको ऐलानी जग्गामा पहिलेदेखि नै सोमै थान थियो। उनले सोमै थानको रेखदेख गर्दै आएका छन्। चैतमा गाउँलेले सोमै थानको मन्दिरको व्यवस्थापन गर्न अग्रसरता देखाए। त्यस क्रममा उनीहरुले सोमै थानका लागि करिव ८ कट्ठा जग्गा छुट्याउन थालेपछि गाउँले र रामसुमेरबीच विवाद भयो। विवाद मिलाउनका लागि स्थानीय राजनीतिक दलका प्रतिनिधि र दुई जना गाउँलेको सहभागितामा समिति बनाइयो। उक्त समितिले आँपका रुखसहित करिव ८ कट्ठा ऐलानी जग्गा सोमै थानलाई छुट्याउने निर्णय २०६८ वैशाख २२ गते गऱ्यो। तर राम सुमेरले आफूलाई अन्याय पर्ने भन्दै यो निर्णय मानेनन्।

**असर** : त्यही जग्गाको कमाइले नै परिवारको छाक टारेका थिए। तर उक्त जग्गामा मन्दिर बनेपछि त्यहाँबाट उनको परिवार विस्थापित हुनुपर्ने अवस्था आएको छ। उनको अरु कुनै जग्गा जमिन छैन।

**वर्तमान अवस्था** : रामसुमेर भरले मन्दिर निर्माणको काम रोक्का गरि आफुले उक्त जग्गा जोतभोग गर्न पाउनको लागि जिल्ला प्रशासन कार्यालयमा उजुरी दिए। बिवाद मिलाउनको लागि जिल्ला प्रशासन कार्यालयले ईलाका प्रहरी कार्यालय छपियालाई (बनघुस्री) पत्राचार गऱ्यो। जेष्ठ ५ गते ईलाका प्रहरी कार्यालय छपियामा छलफल भयो।

**५**

**पीडित** : १२ परिवार सुकुम्बासी

**ठेगाना** : वनहरा नदीछेउ, झलारी गाविस-९, कन्चनपुर

**घटना** : २०६१ सालदेखि १२ सुकुम्बासी परिवार छाप्रा बनाई बसेका थिए। २०६७ चैतमा सडक कार्यालयले उनीहरुलाई त्यहाँबाट हट्न धम्क्यायो। त्यसपछि उनीहरु नजिकैको कृष्ण सामुदायिक वनको तारवारभन्दा बाहिर छाप्रा बनाएर बसे। नजिकको बाँझो जमिनमा खेती गर्न थाले। यत्तिकैमा २०६८ वैशाख २६ गते उपभोक्ता र टोटीफुलेली रेन्जपोष्टका रेन्जर, वनपालेलगायत् ९/१० जनाको समूहले छाप्रा भत्काइदिए। धानको बेर्ना पनि उखेलिदिए। उनीहरुले पालेका बङ्गुर, कुकुर र भएका काठसमेत लगे।

**असर** : सुकुम्बासीहरु अलपत्र परे। गास र बासका लागि कुनै उपाय नभएकाले जिल्ला भूमि अधिकार मञ्चको शरणमा पुगे।

**वर्तमान अवस्था** : यस घटनाको जिल्ला मञ्च कञ्चनपुरले बिरोध गरेपछि जिल्ला मञ्चकै आयोजनामा कृष्ण सामुदायिक वन उपभोक्ता समूह, पीडित, सामुदायिक वन उपभोक्ता महासङ्घ र वन विभागका प्रतिनिधि बसेर हाललाई सोही स्थानमा बस्न दिने निर्णय भएको छ। निर्णय भएपछि पीडितहरु सोही ठाउँमा बसेका छन्। र खेतीपाती सुरु गरेका छन् । खाली ३ कट्ठा जग्गामा धानको बीउ राखिएको छ।

६

**पीडित :** १५४ घर

**ठेगाना :** तल्लो भेग, वडा नं. ६, ७ र ८, कालिन्जोर

**घटना :** राजमार्गदेखि ९ किलोमिटर उत्तरमा अवस्थित ऐलानी जमिनमा २००२ सालदेखि नै बस्ती थियो। करिब ३५ हेक्टर उक्त जमिनमा जीविकाको अन्य स्रोत नभएकाहरुले त्यतिबेलैदेखि खेतीसमेत गर्दै आएका थिए। २०४२ सालतिर उक्त जमिनमा तराई सामुदायिक वनको नाममा वृक्षरोपण गरियो। धेरै बिरुवा मरे। बाँकी रहेका रुख तस्करले काटेर लगे। उक्त जमिनमा १५४ घरले खेती भने गरिरहे। सामुदायिक वनको नाममा गरिबलाई उठाउने, पक्रने र मुद्दा लगाउने काम वन कार्यालयले जारी राख्यो। २०६८ वैशाख ३० गते वन कार्यालयको गस्तीले बासिन्दामाथि दुर्व्यवहार गरे। केहीको हात भाँचिदिए। केहीलाई पक्राउ गरे। जेठ ३ गते २ सयको सङ्ख्यामा आएकाले घरहरु जलाइदिए।

**असर :** यो अन्याय खप्न नसकी गाउँलेहरुसमेत प्रतिकारमा उत्रेपछि उक्त टोली भाग्यो। तर त्यतिबेलासम्म ९ घर जलिसकेको थियो। कहाँ जाने, के खाने, के गर्ने केही पत्तो छैन। उनीहरु विचल्लीमा परे।

**वर्तमान अवस्था :** बस्ने ठेगान छैन। कोही आफन्तकहाँ र कोही छिमेकीकहाँ शरण लिएर बसेका छन्। उनीहरुको सुनुवाई कतैबाट भएको छैन।



# हरुवा-चरुवाद्वारा प्रदर्शन

हरुवा-चरुवा अधिकार मञ्च तथा भूमि अधिकार मञ्चको संयुक्त आयोजना र जनचेतना दलित सङ्गमको सहयोगमा २०६८ जेठ ११ गते सप्तरीमा हरुवा-चरुवालाई सरकारले बेवास्ता गरेको भन्दै हरुवा-चरुवा तथा भूमिहीनले प्रदर्शन गरेका छन्। हरुवाचकर्स–चरुवा प्रथाको अन्त्य, निर्ब्याजी ऋण, बालबच्चालाई निःशुल्क शिक्षा, ऋण खारेजी, बासकोव्यवस्था र खेती गर्ने जमिनको माग राखेका छन्।

उनीहरुले मुक्तिका लागि बजेटको व्यवस्था गर्नसमेत माग गरेका छन्। उनीहरुको मुक्ति तथा पुनर्बासका सवालमा सिन्कोसम्म नभाँचिएकाले बाध्य भएर आन्दोलनमा उत्रनुपरेको हरुवा-चरुवा अधिकार मञ्च सप्तरीका अध्यक्ष दर्शन मण्डलले बताए।

पुस्तौंअघि ऋणका कारण हरुवा-चरुवाले जमिनदारका घरमा बस्तुभाउसँगै जोतिनुपर्ने, मुलुकमा परिवर्तन आउँदा पनि दिनचर्या नफेरिएको भूमि अधिकार मञ्चका अध्यक्ष रामलखन रामले बताए। घरायसी समस्या टार्न जमिनदारको थोरै ऋण पनि तिर्न नसक्दा जमिनदारकहाँ काम गरेको आधा शताब्दी बित्दा पनि ऋण घट्नुको साटो उल्टै बढेको भए पनि उनीहरुको मुक्तिका लागि सरकारले ध्यान नदिएको बताए।

आफूहरु पूर्णतः भूमिहीन भएकाले जग्गासहित मुक्ति आवश्यक रहेको हरुवा-चरुवाले माग गरेका छन्। जग्गा जमिन उपलब्ध नगराई खोजिएको मुक्तिले जमिनदारकै पृष्ठपोषण हुने उनीहरुको भनाई थियो। राजविराजस्थित शिव मन्दिर परिसरबाट निस्केको र्‍यालीले नगर परिक्रमापछि प्रजिअ कैशानाथ खरेललाई ११ सूत्रीय मागसहितको ज्ञापनपत्र बुझाएको थियो। उनीहरुले उक्त ज्ञापनपत्र प्रजिअमार्फत प्रधान मन्त्री झलनाथ खनाललाई समेत पठाएका छन्। जुलुसमा करिब २ हजार ७ सय जनाको सहभागिता थियो।

# सडकमा बीउ छरी मनाए गणतन्त्र दिवस

२०६८ जेठ १५ सुनसरी, मोरङ र झापाका भूमिहीन सुकुम्बासीले इटहरी, बेलवारी र विर्तामोडको सडकमै धान छरे । गणतन्त्र दिवस पारेर उनीहरुले भूमिहीनका अधिकार सुनिश्चित गराउन दबावस्वरुप त्यसो गरेका हुन् । अहिलेसम्म भएको आन्दोलनबाट प्राप्त उपलब्धि संस्थागत हुन नसकोकाले विरोधस्वरुप धानको बीउ छरेका हुन । भूमिहीनको समस्या समाधान गर्न राजनीतिक दलका नेता तथा सरकारले पटक-पटक आश्वासन दिए तर कार्यान्वयन नगरेको बताउँदै अभियानकर्मीले भने- बीउ छर्न अन्यत्र कतै ठाउँ नपाएपछि सडकमै छरिएको हो ।

असार ८ गते रोपाईंसमेत सडकमै गरिने राष्ट्रिय भूमि अधिकार मञ्च नेपाल सुनसरी जिल्ला कार्यसमितिका अध्ययक्ष मनोज चौधरीले बताए । धानको बीउ छर्ने क्रममा उनीहरु हलो र कोदालो लिएर सहभागी भएका थिए । जिल्ला भूमि अधिकार मञ्चले गरेको उक्त कार्यक्रममा अभियान नेपालले सहयोग गरेको थियो ।



# बेदर्तावाल मोही लागत सङ्कलन विषयमा छलफल

राष्ट्रिय भूमि अधिकार मञ्च, सिन्धुपाल्चोकको आयोजनामा बेदर्तावाल मोहीहरुको लगत सङ्कलन विषयक जिल्लास्तरीय अन्तरक्रिया २०६८ जेठ १९ गते चौतारामा भयो । अरुको जग्गा जोतिरहेका बेदर्तावाल मोही किसानलाई जग्गाधनीले बेदखल गर्ने काम बारम्बार दोहोरिएपछि मञ्चले मालपोत कार्यालय, जिल्ला प्रशासन, जिल्ला विकास समिति तथा राजनीतिक दलहरुसँग पटक-पटक छलफल गरेको थियो । बेदर्तावाल मोही किसानहरुले आफूले जोत्दै आएको जग्गाको लगत गाविस सचिवले लिनुपर्ने र त्यसको रेकर्ड गाविस र जिविसमार्फत् मालपोत कार्यालयमा पठाउनुपर्ने माग राख्दै आएका थिए ।

अन्तरर्क्रियामा पीडित किसानले कमाउँदै आएको जग्गा अहिले छोड् भनेर धम्की दिइरहेको बताए । कार्यक्रममा बेदर्तावाल मोहीहरुको लगत सङ्कलन कार्यविधि बनाउन जेठको अन्तिम हप्ता सर्वदलीय बैठकले निर्णय गर्ने र मोही बेदखल गर्न नपाउने विषयमा जिल्ला विकास समितिले गाविसलाई पत्र पठाउने सहमति भएको छ ।

अन्तरर्क्रियामा मोही किसान, नेकपा एमालेका ३ नम्बर क्षेत्रीय अध्यक्ष बालकृष्ण देउजा, जिल्ला सदस्य खिलबहादुर गिरी, अखिल क्रान्तिकारी किसान महासङ्घका प्रतिनिधि एवम् संयुक्त किसान मञ्चका अध्यक्ष टीकाप्रसाद शर्मा, नेकपा मालेका कृष्ण ठकुरी, सहायक प्रमुख जिल्ला अधिकारी गोविन्द सापकोटा, मालपोत अधिकृत प्रेमबहादुर बेसार, नापी अधिकृत, जिविसका सूचना अधिकृत राजेन्द्र प्याकुरेल र भूमि अधिकार अभियानकर्मीहरुले बेदर्तावाल मोहीहरुको लगत सङ्कलनका लागि सुझाव दिएका थिए ।

# अधिकार सूचकाङ्क तयार

आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारका सम्बन्धमा भएका सरकारी एवम् गैरसरकारी प्रयासको मापन गर्न सूचक निर्धारण गर्ने उद्देश्यले ओएचसिएचआरको संयोजनमा राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग, स्वास्थ्य मन्त्रालय, राष्ट्रिय दलित आयोग र सामुदायिक आत्मनिर्भर सेवा केन्द्र मिलेर खाद्य, शिक्षा, स्वास्थ्य, आवास र कामको अधिकारमा सूचकाङ्क तयार पारिएको छ ।

विश्वव्यापी सन्दर्भमा घोषित मानव अधिकारसम्बन्धी विषय नागरिकको जीवनमा के कसरी लागू भएको छ ? के/कस्तो परिवर्तन ल्याएको छ ? त्यसलाई कसरी हेर्ने ? सङ्ख्यात्मक तथा गुणात्मक दुवै कोणबाट व्यवस्थित सूचक निर्धारणको खाँचो महसुस गरी तयार पारिएको यी सूचकमाथि अन्तिम परामर्श कार्यशाला २५ र २६ जेठमा भयो । आवास अधिकारको संयोजन सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले गरेको थियो ।

# जग्गा प्लटिङ रोक्न माग

जथाभावीरुपमा प्लटिङ गर्नाले खाद्य असुरक्षा बढिरहेको, वातावरण विनाश भइरहेको तथा गरिब र धनीबीचको खाडल बढिरहेको भन्दै सरोकारवालाले तत्काल यस्तो कार्य रोक्नुपर्ने बताएका छन् । प्लटिङसम्बन्धी नीति बनाउनुपर्ने र त्यस्तो नीति नआउन्जेल प्लटिङ गर्ने कार्य बन्द गर्नुपर्ने माग पनि उनीहरुको छ ।

जग्गा अतिक्रमण र यसले निम्त्याएको खाद्यान्न असुरक्षा विषयक एक कार्यक्रममा कार्यपत्र प्रस्तोता सामुदायिक आत्मनिर्भर केन्द्रका जगत बस्नेतले भने- शहरी सहकारीका ९३ प्रतिशत लगानी घर जग्गामा देखिएको छ भने ८० प्रतिशत रेमिट्यान्स पनि घर जग्गामै लगानी भइरहेको छ । वित्तीय संस्थाहरुबाट पनि करिब १ खर्ब १० अर्ब लगानी घर जग्गामा भइरहेको छ । यस्तो अवस्थाले अव्यवस्थित प्लटिङलाई बढावा दिइरहेको छ ।

गैसस महासङ्घका अध्यक्ष डा. नेत्र तिम्सिनाले नेपालमा जग्गा अतिक्रमण गर्ने कार्य तीब्ररुपमा बढेकाले बेलैमा समाधान नखोजिए यसले ठूलो समस्या सिर्जना गर्ने बताए । त्यसैगरी गैसस महासङ्घकी महासचिव शर्मिला कार्कीले जमिन अतिक्रमणले अन्य विकृतिका साथै खाद्यान्न असुरक्षा पनि बढाएको बताइन् ।

उच्चस्तरीय भूमि सुधार आयोगका पूर्व सदस्य धर्मदत्त देवकोटाले प्लटिङका लागि दीर्घकालीन नीति आवश्यक भएको बताएका थिए भने अर्का सदस्य गणेश विकेले प्लटिङ भन्दा पनि असमान भूमि वितरणको समस्यालाई बढी जोड दिनुपर्ने बताएका थिए । त्यसैगरी अर्का पूर्व सदस्य सोमप्रसाद भण्डारीले समग्र भूमि नीति बनाउनुपर्ने आवश्यकता औंल्याउँदै यस्तो नीति बन्यो भने प्लटिङको समस्या स्वतः समाधान हुने दाबी गरेका थिए ।

कार्यक्रममा संसदको प्राकृतिक स्रोत साधन समितिकी सभापति शान्ता चौधरीले भूमिसम्बन्धी बैठकमा एकदम कम सांसद उपस्थित हुने जानकारी दिँदै भनिन्- यो समस्यामा कुनै पनि दल खासै उत्साही छैनन् । उनीहरु बाहिर भाषण एकथरि गर्छन् तर नीति निर्माण र छलफल गर्ने सवालमा भने सहयोग गर्दैनन् । कार्यक्रम गैसस महासङ्घ र सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले आयोजना गरेका थिए ।

## उखडा समस्या समाधानबारे छलफल

कपिलवस्तु, रुपन्देही र नवलपरासीको एक टोलीले भूमि सुधार तथा व्यवस्था मन्त्री र राज्य मन्त्रीलाई भेटी उखडा समस्या समाधानबारे छलफल गरेका छन् । मन्त्रालयले समस्या समाधान गर्ने वचन दिएको छ । टोलीमा राजनीतिक दलका प्रतिनिधि, भूमि अधिकारकर्मी, राष्ट्रिय भूमि अधिकार मञ्च र उखडा अधिकार मञ्चका प्रतिनिधि हुनुहुन्थ्यो । यसपछि भूमि सुधार तथा व्यवस्था मन्त्रालयले मन्त्री परिषद्मा प्रस्ताव लगिएको बताउँदै आएको छ ।

## हरुवा-चरुवाद्वारा मन्त्रीहरुसँग भेटघाट

सिरहा र सप्तरीस्थित हरुवा-चरुवा अधिकार मञ्चको ८ जनाको टोलीले आफ्ना मागउपर ध्यानाकर्षण गराउन उपप्रधान तथा अर्थ मन्त्री, भूमि सुधार तथा व्यवस्था मन्त्री, शान्ति तथा पुनर्निर्माण मन्त्री र विना विभागीय मन्त्रीलाई भेटेका छन् । उनीहरुले हरुवा-चरुवाको लगत एकिन गरी मुक्त गर्नुपर्ने र यस आर्थिक वर्षको बजेटमा हरुवा-चरुवाको घर निर्माण र जीविकामा सघाउने योजना माग गरेका थिए ।

उनीहरुले राष्ट्रिय मानव अधिकार आयोगमा समेत गई आफ्ना समस्याउपर ध्यानाकर्षण गराएका छन् । यस कार्यमा सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले मागपत्र लेखन, मन्त्रीहरुको समय लिने तथा सहभागीहरुको खाना तथा बासको व्यवस्था गरेको थियो । राष्ट्रिय भूमि अधिकार मञ्चका सोम कार्कीले उक्त कार्यमा सहयोग गर्नुभएको थियो ।

## भूमिमा महिला स्वामित्वसम्बन्धी माग पूरा हुने

रीष्ट्रिय भूमि अधिकार मञ्च र सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको एक टोलीले उपप्रधान तथा अर्थ मन्त्री भरतमोहन अधिकारीसँग भेटी आगामी नीति तथ कार्यक्रम र बजेटमा भूमिसम्बन्धी सम्बोधन हुनुपर्ने विषयमा अवगत गरायो । त्यस क्रममा उनीहरुले भूमिसम्बन्धी आयोगको प्रतिवेदन कार्यान्वयन गर्न र नयाँ भूमि ऐन ल्याउने व्यवस्था गर्न तथा आवश्यक बजेट छुट्याउन माग गरेका थिए । त्यस्तै भूमिमा महिला किसानको स्वामित्व बढाउनका लागि जग्गा रजिष्ट्रेशनमा महिलालाई दिँदै आएको राजश्व छुटको सीमा कायम राख्दै राज्यले भूमि अधिकारबाट वञ्चितलाई जग्गा वितरण गर्दा संयुक्त पूर्जा

उपलब्ध गराउने र जग्गा भएका परिवारको पतिको जग्गामा पत्नीको पनि संयुक्त पूर्जा बनाउन शुल्क नलिई वा १ सय शुल्क लिई गरिदिने व्यवस्था गर्नुपर्ने माग राखेका थिए ।

माग सुनिसकेपछि मन्त्री अधिकारीले यी माग सरकारको आगामी नीति तथा कार्यक्रम र बजेटमार्फत् पूरा गर्ने वचन दिनुभएको थियो ।

त्यस्तै हरुवा-चरुवाको वास्तविक लगत लिन र उनीहरुको आवास निर्माणमा प्राथामिकता दिने पनि उहाँले सहमति जनाउनुभएको छ ।

# सुनसरीमा जिल्ला सम्मेलन

राष्ट्रिय भूमि अधिकार मञ्च सुनसरीको चौथो जिल्ला सम्मेलन २०६८ जेठ १३ गते इटहरी-७ टेंग्रा टोलीमा सम्पन्न भएको छ ।

जमीनमा जोत्नेको हक हुनुपर्ने मागसहित सम्पन्न भएको जिल्ला सम्मेलनको उद्घाटनअघि हातहातमा कृषि औजार तथा मञ्चको झण्डा बोकेका २ हजार भूमि अधिकारबाट वञ्चितहरुको र्‍यालीले इटहरी नगरमा प्रदर्शन गरेको थियो । इटहरी नगरपालिकाको प्राङ्गणबाट सुरु भएको र्‍याली इटहरी चोक, ट्राफिक चोक, नयाँ बसपार्क हुँदै सम्मेलनस्थलमा पुगेको थियो । सम्मेलनको उद्घाटन बिरुवामा पानी हालेर गरिएको थियो भने अतिथिलाई ब्याचको सट्टा हासपोसाका महिला कृषकले उत्पादन गरेको लौका प्रदान गरिएको थियो ।

सम्मेलन उद्घाटन समारोहका अवसरमा जिल्ला भूमि अधिकार मञ्च सुनसरीको भूमि घर निर्माणका लागि टेंग्राटोली भूमि अधिकार मञ्चले व्यवस्था गरेको करिव १ कठ्ठा जग्गामा भूमि घरको शिलान्याससमेत गरियो । सम्मेलनमा मधेसी जनअधिकार फोरमका जिल्ला सभापति प्रदीप चौधरी, नेपाल किसान सङ्घका जिल्ला सभापति विष्णु डाँगी, राष्ट्रिय भूमि अधिकार मञ्च नेपालका केन्द्रीय कोषाध्यक्ष सरस्वती सुब्बा, केन्द्रीय सदस्य लक्ष्मण चौधरी, जिल्ला भूमि अधिकार मञ्च मोरङका अध्यक्ष चक्रबहादुर पोखरेललगायत् दलका प्रतिनिधि एवम् अधिकारकर्मी तथा नागरिक समाजका अगुवाले अतिथिका रुपमा बोल्दै भूमि अधिकार आन्दोलनमा आफूहरुको ऐक्यबद्धता जाहेर गर्नुभयो ।

सम्मेलनले मनोज चौधरीको अध्यक्षतामा १३ सदस्यीय जिल्ला मञ्च निर्वाचित गरेको छ । सम्मेलनको व्यवस्थापन टेंग्राटोली भूमि अधिकार मञ्च तथा रामजानकी सिसौना भूमि अधिकार मञ्च इटहरीले गरेका थिए । सम्मेलनका प्रतिनिधि तथा पर्यवेक्षक २५० जनालाई स्थानीय स्रोत सङ्कलन गरी खाना खाजासमेत व्यवस्था गरिएको थियो ।



## राष्ट्रिय समीक्षा

भूमि तथा कृषि अधिकार अभियानको राष्ट्रिय समीक्षा असार २५ देखि २७ सम्म भक्तपुरमा भयो । समीक्षामा स्रोत केन्द, संस्था र मञ्चको तर्फबाट वार्षिक लक्ष्यअनुरुप भएको प्रगति प्रस्तुति भयो । असार १ देखि ५ सम्म गरिएको अनुगमन तथा सिकाई भ्रमणको सङ्क्षिप्त प्रतिवेदन पनि विभिन्न ७ टोलीले गरेको थियो । तेस्रो दिन राष्ट्रिय, क्षेत्रीय र जिल्लागत आन्दोलनको विषय र अभियानबारे प्रारम्भिक छलफल भएको छ । समीक्षामा ६ जना अगुवाले आफूमा आएको परिवर्तन बताउनुभएको थियो । कार्यक्रममा ३८ (महिला १८) जना सहभागी हुनुहुन्थ्यो ।

## राष्ट्रिय परिषद् सम्पन्न

राष्ट्रिय भूमि अधिकार मञ्च, नेपालको दोस्रो राष्ट्रिय परिषद् सम्पन्न भएको छ । परिषद्को उद्घाटन भूमि सुधार तथा व्यवस्था राज्य मन्त्री हकिकुल्लाह खाँले गर्नुभएको थियो । परिषद्मा राज्य मन्त्रीले भूमि समस्या समाधानमा अहिलेको सरकारले के/कसरी गर्ने भन्नेबारे अध्ययन गरिरहेको र केही ठोस काम गर्ने तयारी गरेको बताउनुभयो । कार्यक्रममा नेकपा एमालेका प्रमुख सचेतक भीमप्रसाद आचार्य र नेकपा माओवादीका सभासद भीम गौतमले पनि बोल्नुभएको थियो ।



## सङ्गठनले गरिदियो घाइतेको रोपाई

भूमि अधिकार आन्दोलनमा सहभागी हुने क्रममा घाइते हुनुभएकी वितानी थारु र तुलसी सुनार अझै पनि अस्पतालमै हुनुहुन्छ । लामो समयसम्म अस्पतालमा बस्नुको पीडा त छँदैछ, काम गर्ने मुख्य मानिस नै घाइते हँदा घरको काम पनि डुब्दो रहेछ । यही पीडालाई छलफलको विषय बनाई घाइते सहयात्रीको धान रोपाई गरे बर्दियाका भूमि अधिकार मञ्चका सदस्यले । वनमोति, बबुवा, राजी बस्ती, चेतना, झर्निया, सिट्रोनेला, मरघट्टी र दलित एकता मञ्चसमेत ८ वटा स्थानीय मञ्च रोपाईमा सहभागी थिए ।

भूमि अधिकार मञ्चका सचिव होमेन्द्र थापा र अभियानकर्ता दयाराम परियारको सहजीकरणमा सो रोपाई सम्पन्न भएको हो । बर्दियाको मगरागडी-४, दुल्ली पकडियामा रहेको तुलसी सुनारको करिव ८ कट्ठा जमिनमा धान रोपाई गरिएको हो । रोपाई अभियानमा ३ हल गोरुसहित ४१ सदस्यको सहभागिता थियो ।

त्यस्तै आन्दोलनकी अर्की घाइते मैनापोखर-६ की वितानी थारुको पनि १४ कट्ठा जमिनमा रोपाई सम्पन्न गरिएको छ । जिल्ला अध्यक्ष केशबहादुर वि.क. र स्थानीय मञ्चको अगुवाईमा सो अभियान सम्पन्न भएको हो ।

भूमि अधिकार मञ्चको इतिहासमै जिल्ला तहमा सम्पन्न यस किसिमका अभियानले भूमि अधिकारमा संलग्न भूमिहीनको हौसला वृद्धि भएको सहभागीको प्रतिक्रिया थियो । धान रोपाई अभियानबाट भूमिहीनमा हौसला थपिएको र आन्दोनमा लागिरहन प्रेरणा आएको स्थानीय चेतना भूमि अधिकार मञ्चका अध्यक्ष खडगबहादुर वि.क. ले बताए ।

# भूमि अधिकारबारे प्रशिक्षण

स्थानीयस्तरका भूमिसम्बन्धी समस्या, तिनका कानुनी व्यवस्था, समाधानका लागि भूमि अधिकारबाट वञ्चितको जिम्मेवारीबारे गएको जेठमा प्रशिक्षण भएका छन् । बैतडीको उदयदेव, डडेल्धुराको जोगबुढा, कञ्चनपुरको कृष्णपुर र कैलालीको टीकापुरमा भएका प्रशिक्षणमा ३०६ महिला, १५० दलित, ८१ जनजातिको सहभागिता थियो । प्रशिक्षणमा तत्काल समाधान गर्नुपर्ने समस्याका लागि गा.वि.स.बाट प्रक्रिया सुरुवात् गर्ने र अन्तिम लक्ष्य सुरक्षित बास र खेती गर्नेलाई आवश्यक जग्गाको माग नै भूमि अधिकार आन्दोलनको लक्ष्य रहेको प्रष्ट गरिएको थियो ।

प्रशिक्षणका क्रममा नेपालमा भूमि सुधारका लागि भएका प्रयास र किसानमाथि गरिएको विभेद, भूमि अधिकार मञ्चले गरेको आन्दोलन र सरकारसित भएका सहमतिबारे पनि छलफल गरिएको थियो । शिविरका सहभागीले वास्तविक बाढीपीडितले राहत नपाएको, नदीको छेउमा घर भएकाले बगाउने डरले रातभर सुत्न नपाएको, बाढी र वनबाट समेत पीडित हुनुपरेको, जग्गा नभएका कारण अरुको घरमा बस्नुपरेको जस्ता समस्या राखेका थिए । शिविरमा सहभागी अगुवाले गाउँ भूमि अधिकार मञ्चको योजना तयार पारी लागु गरेको जानकारी प्राप्त भएको छ ।



# भूमिहीनले गरे मकै खेती

महोत्तरीको लक्ष्मीनियाँ गाविस-१ सदा टोलका २४ घर भूमिहीनले मडाह खोलाको नदी उकास जग्गामा प्रत्येकले ४ कट्ठामा हुनेगरी मकै खेती गरेका छन् । २०६७ असारमा विकास भूमि सिकाई केन्द्र, सदा टोलमा स्रोत नक्शा बनाएर खाली जग्गाबारे छलफल गरियो ।

मडाह खोलाले छोडेको जमिन छ भन्ने कुरा छलफलमा आए पनि तटबन्ध नभएकाले नदी कटान हुन्छ भन्ने कुराले गर्दा समुदायले त्यति चासो दिएन । २०६८ वैशाखको पहिलो हप्ता वडा नम्बर १ को थापा टोलको कोपिला भूमि अधिकार मञ्च र सदाटोलको विकास भूमि सिकाई केन्द्रको संयुक्त भेला गरियो । भेलामा आएका सबैले नदी उकास जग्गा अवलोकन गरी नम्बरी र नदी उकास जमिनको साँध सिमाना छुट्याउने काम गरियो । सो भेलाले जग्गा जोतखन गर्ने निर्णय गऱ्यो ।

वैशाखको तेस्रो हप्तामा अर्को बैठकले उक्त नदी उकास जग्गा वडा नम्बर १ को सदाटोल र थापा टोलका २४ घरलाई बराबर जग्गा वितरण गर्ने निर्णय गऱ्यो । अहिले २४ घरले नै मकै खेती गरेका छन् । अहिले नदीको तटबन्ध गर्ने विषयमा छलफल भइरहेको छ । यसका लागि गाविसको सिफारिससहित तारजाली र बिरुवा माग गर्न भूसंरक्षण कार्यालयमा अभियानकर्ता राजेन्द्र महतो, मदनकुमार छाड्गाले, जिल्ला अध्यक्ष फौजसिंह स्वाङ्वा र सचिव राजकुमार बस्नेतले निवेदन पेश गरेकोमा ३ सय आँप, ४० बोट कटहर र ४० लिची प्राप्त गरी जग्गाको छेउमा लगाएका छन् । किनारामा ४० भ्याङ बाँस रोप्ने काम भएको छ ।

## राष्ट्रिय भूमि अधिकार मञ्च, नेपाल

# दोस्रो राष्ट्रिय परिषद्, २०६८ को घोषणापत्र

राष्ट्रिय भूमि अधिकार मञ्च, नेपालको दोस्रो राष्ट्रिय परिषद् २०६८ असार ६ र ७ गते ललितपुरको जावलाखेलमा सम्पन्न भयो । हामी ४१ जिल्लाका ८६ जना प्रतिनिधिले समसामयिक राष्ट्रिय परिस्थिति, सङ्गठन विस्तार र भूमि अधिकारका प्रमुख मुद्दामा गम्भीर छलफल गरी निम्नबमोजिमको घोषणा-पत्र जारी गरेका छौं । यो घोषणा-पत्र कार्यान्वयनका लागि सरकारसँग जोडदार माग गर्दछौं । र यी घोषणा पूरा गर्न/गराउन हामी दृढ भएर लाग्ने प्रतिज्ञा गर्दछौं ।

१. देशका विभिन्न जिल्ला *(कञ्चनपुरको झलारी ९ बनारामा १२ घर, बर्दियाको नेउलापुर वनखेतमा २१० घर, सप्तरीको वदगामा २८ घर, धनुषाको चारखोलामा ६७१ घर, कपिलवस्तुको विसनपुरमा ७ घर, सर्लाहीको कालिञ्जोरमा ११ घर, कर्मैया ९ मा ८७ घरलगायत्)* मा भइरहेको सुकुम्बासी बस्ती उठाउने, आगो लगाउने, जीविकाको साधन नष्ट गर्ने जस्ता कार्यको यो परिषद् विरोध गर्दछ । जिल्ला प्रशासन, वन प्रशासन र जमिनदारहरुको मिलेमतोमा हरेक वर्ष वर्षात् शुरुवातसँगै भएका यस्ता घटना आगामी दिनमा नदोहोर्‍याउन, घटनाका दोषीलाई कडा कार्बाही गर्न, पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउन यो परिषद् सरकारसँग माग गर्दछ । आगामी दिनमा कुनै पनि जिल्लामा यस्ता घटना भएमा देशभरका सङ्गठन प्रतिरोधमा उत्रने अठोट गर्दछ । सरकारले कार्बाही नगरे अपराधीलाई आफैं मुद्दा हाल्ने र साङ्गठनिक कार्बाहीसमेत गर्ने प्रण गर्दछ । सुकुम्बासी, मोहीलगायत्का भूमि अधिकारबाट वञ्चितको अधिकार हनन्का विषयलाई लिएर राष्ट्रिय मानव अधिकार आयोग र यसका क्षेत्रीय र जिल्ला कार्यालयमा सञ्चारकर्मीसमेतको उपस्थितिमा स्मरणपत्र बुझाउने र उठिबास गरिएको बस्ती पुनर्स्थापना गराउने साथै देशभर एकैचोटी प्रदर्शन गर्ने घोषणा गर्दछौं ।

> *~~कृषिमा व्यावसायीकरण एवम् आधुनिकीकरण गरी उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न चक्लाबन्दी खेती प्रणालीलाई प्रोत्साहित गरिनेछ । साना समूहमा चक्लाबन्दीमा आधारित खेती गर्ने कृषकलाई अनुदानमा उपलब्ध हुने~~*

२. संविधानमा जमिनमा आफैं श्रम गर्ने महिला र पुरुषको कानुनी र उपयोगको अधिकार स्पष्ट किटिनुपर्दछ । भूमि प्राकृतिक स्रोत र उत्पादनको साधन भएकाले न्यायोचित हदबन्दी लगाई हदभन्दा माथिको जग्गामा क्षतिपूर्ति नदिने संवैधानिक व्यवस्था हुनुपर्दछ । यसका लागि यो परिषद् सम्पूर्ण संविधान सभा सदस्य र राजनीतिक दललाई अनुरोध गर्दछ । हाम्रो सङ्गठन संविधानको एकीकृत मस्यौदामा सुझाव सङ्कलन गर्ने क्रममा यी प्रावधान समेटिएको वा नसमेटिएको हेरी उल्लिखित व्यवस्थाका लागि सशक्त आवाज उठाउने निर्णय गर्दछ ।

३. समयमै संविधान र भूमि सुधारका लागि भएको आन्दोलनपछि मन्त्री परिषद्को बैठकले २०६८ वैशाख ९ गते भूमि आयोगहरुको प्रतिवेदन सार्वजनिक गर्ने निर्णय गरिसक्दा पनि अझै सार्वजनिक गरिएको छैन् । यी प्रतिवेदन तुरुन्त सार्वजनिक गर्न र कार्यदलमार्फत् कार्ययोजना बनाई कार्यान्वयनमा ल्याउन जोडदार माग गर्दछ ।

४. अधिकृत वारेसनामा र वारेसनामामार्फत् जग्गा बिक्री गर्न तथा गैरहाजिरी, मोहीले कमाइरहेको र हदबन्दीभन्दा बढीको जग्गा बिक्री गर्न रोकिनुपर्दछ । हदबन्दीभन्दा बढीको जग्गा बिक्रीमा दिइएको फुकुवा तत्काल रोक्न यो परिषद् जोडदार माग गर्दछ ।

५. यो परिषद् सरकारको आगामी नीति तथा कार्यक्रम र बजेटमा भूमि सुधार र गरिबको पक्षमा नीति तथा बजेट ल्याउन माग गर्दछ । कम्तिमा मोही र भूमिहीनको नयाँ राष्ट्रिय लगत लिने, हलिया र हरुवाचरुवाको आवास र जीविकाका लागि बजेट व्यवस्था गर्ने, पति पत्नीले जग्गा सगोलमा राख्न चाहेमा कुनै शुल्क नलाग्ने व्यवस्था गर्ने, राज्यले भूमिअधिकारबाट बञ्चितलाई जग्गा उपलब्ध गराउँदा पति, पत्नी दुवैको हुनेगरी संयुक्त पूर्जा उपलब्ध गराउनुपर्ने, नयाँ भूमि ऐन ल्याउने विषय कार्यक्रम तथा बजेटमा समावेश गर्न सरकारलाई अनुरोध गर्दछ । साथै स्थानीय निकाय अनुदान रकम सञ्चालन निर्देशिकामा ती निकायको कुल बजेटमा कम्तिमा २० प्रतिशत भूमि अधिकार र सुधारका लागि स्थानीय भूमि अधिकारबाट वञ्चितको सङ्गठनमार्फत् परिचालन



गर्ने व्यवस्थाका लागि सरकारसँग माग गर्दछ ।

६. यो परिषद् सुकुम्बासी समस्यालगायत् भूमिसम्बन्धी सबै समस्या समाधानका लागि भूमि अधिकारबाट वञ्चितहरुको कम्तिमा एक तिहाई प्रतिनिधित्व हुनेगरी स्थायी भूमि आयोग बनाउन सरकारसँग जोडदार माग गर्दछ ।

७. मोही लागेको जग्गा बाँडफाँट कार्य ३ वर्षदेखि रोकिएको, गरिब मोहीलाई तारेखमा धाउन बाध्य पारिएको, मोहीलाई गलाएर, धम्क्याएर मिलापत्र गरी जग्गा पुनः जग्गधनीकै पक्षमा पार्ने षडयन्त्रप्रति परिषद्को गम्भीर ध्यानाकर्षण भएको छ । नयाँ मोहीको लगत लिने व्यवस्थासहित मोहीसम्बन्धी समस्या समाधान गर्ने गरी विधेयक ल्याउन यो परिषद् जोडदार माग गर्दछ । यो परिषद् मोही बेदखलीका हरेक घटनाविरुद्ध मुकाविला गरी खेत जोत्ने अवस्थामा पुऱ्याउने अठोट गर्दछ ।

८. सरकारले २०६५ साल भदौ २० गते हलिया मुक्तिको घोषणा गरेको थियो । यसबीचमा हलिया पुनर्स्थापना त परै जाओस्, परिचय-पत्रसमेत वितरण गरिएको छैन । हलिया श्रम निषेध ऐन अझै तयार भइसकेको छैन । विधेयकमा यस्तै समस्या भएका हरुवाचरुवालाई समेत समेटी तत्काल हलिया र हरुवाचरुवालाई परिचय पत्र दिई पुनर्स्थापनाको काम थालिनुपर्दछ ।

९. १६ सालमा उन्मूलन भएको बिर्ता जग्गा अझै जोताहा किसानले पाउन सकेका छैनन् । यस्ता जग्गा मालपोतका कर्मचारी र कथित बिर्तावालको मिलेमतोमा दर्ता भएकोमा सोसमेत बदर गरी त्यस्ता अपराधीलाई हदैसम्मको कारबाहीका साथै जोतभोगको आधारमा बिर्ता जग्गा किसानको नाममा दर्ता हुनुपर्दछ ।

१०. गुठीको नाममा भएको लुट तुरुन्त बन्द गरिनुपर्दछ । सार्वजनिक जग्गालाई समेत गुठी संस्थान र भूमाफिया मिली गुठीमा परिणत गरेर व्यक्तिको नाममा रैकर गर्ने कार्य भइरहेको छ भने अर्कोतिर वास्तविक गुठीका किसानलाई जग्गाको हकबाट वञ्चित गरिएको छ । गुठी जग्गा जोताहा किसानको नाममा दर्ता गरिनुपर्दछ ।

११. उखडा, आकडा जस्ता समस्या समाधानका लागि अधिकार सम्पन्न समिति बनाई समस्या छिनिनुपर्दछ । त्यस्तै गाउँब्लक जग्गा नापी गरिनुपर्दछ । खेतीयोग्य जग्गामा प्लटिङ रोकिनुपर्दछ ।

१२. सरकारले विकास निर्माणको कार्यक्रम सञ्चालन गर्दा जग्गा नहुने, ऐलानी जग्गा भएका र जग्गा भएकालाई विभेद गरेको छ । जस्तो : स्यालो ट्युबवेल जडानमा ऐलानी जमिन हुनेलाई सुविधा दिइन्न । बिजुली र

पानीसमेत दिइन्न । यस्तो विभेदकारी नीति तथा कार्य अन्त गरिनुपर्छ । र, जग्गा नभएका र ऐलानी जग्गा भएकासमेतलाई समान व्यवहार गरिनुपर्छ ।

१३. चेपाङ समुदायले गरिरहेको खोरिया खेती विभिन्न वहानामा खोसिनेक्रम रोकिनुपर्दछ ।

१४. बाढीपीडित, डुवान क्षेत्र र नदी कटान तथा जुनसुकै जमिनको सट्टाभर्ना गरिनुका साथै सुरक्षित घरबासको व्यवस्था गरिनुपर्छ ।

१५. आरक्ष र निकुञ्ज र परियोजनापीडित विस्थापितहरुलाई उचित बसोबास र खेतीयोग्य जमिनको व्यवस्था राज्यले गर्नुपर्छ । साथै जनावरले पुर्‍याएको क्षतिवापत उचित राहत उपलब्ध गराउनुपर्छ ।

यस१६. आर्थिक प्रलोभन एवम् अन्य जालसाँजीबाट गरिएको जग्गा दर्ता बदर हुनुपर्छ र वास्तविक भूमिहीन, सुकुम्बासी किसानलाई उपलब्ध गराउनुपर्छ ।

१७. नेपाल सरकारको स्वामित्वमा रहेको साथै विद्यालय, अस्पताल जस्ता निकायको स्वामित्वका जग्गामा बसिआएका वास्तविक भूमिहीन, सुकुम्बासी र जोताहा किसानलाई कुनै पनि कारण देखाई उठिबास र बेदखली नगरियोस् । साथै ती जग्गामा बसोबास र खेती गर्दै आएकालाई नै स्वामित्व प्रदान गरियोस् । अव्यवस्थित वसोवासीलाई हटाउने सरकारी निर्णय फिर्ता गरिनुपर्दछ ।

१८. चुरे क्षेत्रको वातावरण र पर्यावरणलाई दिगोरुपमा संरक्षण गर्न समग्र चुरे क्षेत्रको नक्साङ्कन गरी वातावरण अनुकूल हुनेगरी बसोबास, कृषि उद्योग, उपयुक्त खेती र वनजङ्गल क्षेत्र छुट्याई उपयोगमा ल्याउनुका साथै चुरेवासीको भूस्वामित्व सुनिश्चित गरिनुपर्दछ ।

१९. अन्यायपूर्ण भूसम्बन्धका कारण मर्यादित जीवन जीउने अधिकारबाट वञ्चित हली, बालीघरे, कोल्का, हरूवाचरुवा, कमलरी, एकल एवम् अन्तर्जातीय विवाहका कारण अपहेलित परिवारको यकिन लगत तयार गर्ने र जीविकालाई पुग्ने भूमि उपलब्ध गराउनुपर्दछ ।

२०. यो परिषद् राष्ट्रिय भूमि अधिकार मञ्च निर्माण भएका सबै गाउँ विकास समिति र नगरपालिकाका वडाहरुको भूमिहीन, सुकुम्वासी, मोही, हदबन्दीभन्दा बढीको जग्गाको लगत स्थानीय सरकार, राजनीतिक दल र मञ्च मिलेर तयार गरी सार्वजनिक गर्ने घोषणा गर्दछ ।

२१. बाँझो जग्गा पहिचान गरी सङ्गठनले सामूहिक खेती गर्ने निर्णय गर्दछ । यसका लागि उचित नीति बनाउन पनि माग गर्दछ ।

२२. दिगो खाद्य सुरक्षाको विषयलाई कृषि तथा भूमिअधिकार आन्दोलनको अभिन्न अंगको रुपमा लिईनुपर्दछ ।

२३. संविधान र भूमि सुधारका लागि आयोजित राष्ट्रिय आन्दोलनमा भाग लिन आउने क्रममा नवलपरासी जिल्लाको हर्कपुरचोकमा २०६७/११/३० गते भएको बस दुर्घटनामा परि बर्दिया जिल्ला मगरागढी गाविस वडा नं. ६ भर्नािया भूमि अधिकार मञ्चकी सदस्य लालमाया खाम्चा र सोही गाविस वडा नं. ८ मर्घट्टी भूमि अधिकार मञ्चकी अध्यक्ष जनककुमारी चौधरीको असामायिक निधन भयो । सोही दुर्घटनामा घाइते २५ जनामा दुईको अहिले पनि चितवनको भरतपुरमा उपचार भईरहेको छ । यस घटनाका मृतकलाई कम्तिमा जनही ५ लाखका दरले राहत, घाईतेहरुको उपचार र घाईते सबै परिवारलाई राहत उपलव्ध गराउन सरकारसँग माग गर्दछौं । मृतकलाई राहत र घाईतेको उपचारको लागि आन्दोलनकै क्रममा सरकारले गरेको बाचाको स्मरण गराउन चाहान्छौं । मृतकका नाममा वार्षिकरुपमा २ जनालाई जनही ५ हजारका दरले उत्कृष्ट अगुवा पुरस्कार दिन राष्ट्रिय भूमि अधिकार मञ्चले रु. १ लाखको कोष स्थापना ३ महिनाभित्र गर्नेछ । यसका लागि बर्दिया जिल्लाले आन्दोलनका लागि ल्याएको चामल बिक्री, राष्ट्रिय आन्दोलनको पुस्तक बिक्री र जिल्ला भूमि अधिकार मञ्चबाट इच्छाअनुसार रकम जुटाइनेछ । कोष परीचालनका लागि छुट्टै नियमावली र समिति बनाउने निर्णय गर्दछौं ।

२४. राष्ट्रिय भूमि अधिकार मञ्चले आन्दोलनका क्रममा हुन सक्ने दुर्घटना र अन्य अधिकार हनन्विरुद्ध जुट्न १ वर्षभित्र आपतकालीन कोष खडा गर्नेछ । साथै यस आन्दोलनका क्रममा विगतमा ज्यान गुमाएका र घाइतेहरुको समेत लगत खडा गरी राख्नेछ ।

२५. यसअघिका विभिन्न समयमा सरकारले गरेका प्रतिबद्धता, सम्झौता र सहमति पूर्णतः पालना गरी जनताप्रति इमानदार बन्न यो परिषद् सरकार, राजनीतिक दल र सम्बन्धित सरकारी अधिकारीको ध्यानकर्षण गर्दछ ।

२६. राष्ट्रिय भूमि अधिकार मञ्च, नेपाल राजनीतिक दलहरुलाई सहमति कायम गरी भदौ १४ भित्र संविधानको एकीकृत मस्यौदा तयार गर्ने अभिभारा पूरा गर्न आह्वान गर्दछ ।

२७. यो परिषद् सङ्गठन विस्तार र सुदृढीकरणका लागि सिङ्गो शक्ति केन्द्रित गर्ने र यसलाई देशव्यापीरुपमा विस्तार गर्ने घोषणा गर्छ ।

२८. राष्ट्रिय भूमि अधिकार मञ्च नेपालको राष्ट्रिय सम्मेलन २०६८ साल असोजको ३ देखी ६ सम्म धनुषाको जनकपुरमा गर्ने निर्णय गर्छ । ■

२०६८/३/७

## बाठा बेलायती सुकुम्बासी

नामै सुकुम्बासी । त्यसैले उनीहरुको घर हुने कुरै भएन । यसरी आफ्नो घर नभएका तर घरमा बस्न रहर लागेका बेलायतका सुकुम्बासीले एउटा जुक्ति निकाले- गुगल म्याप (कम्प्युटरमा इन्टरनेटद्वारा हेर्न सकिने नक्सा) हेर्ने र खाली घर पत्ता लगाउने । नभन्दै उनीहरुले खाली घर पत्ता लगाए । अनि ६ जना बस्न मिल्ने उक्त घरमा गएर ६ जनै सुकुम्बासीले डेरा जमाए ।

सर्रे, वेब्रिज भन्ने स्थानको सेन्ट जर्ज हिलमा अवस्थित उक्त घरमा ती मानिस बस्न थालेपछि उनीहरुलाई अन्य मानिसले शङ्काले पनि हेरे । तर पनि उनीहरु आनन्दले बसिरहे ।

३० लाख पाउन्ड पर्ने ६ वटा बेडरुम भएको उक्त घरमा ६ जना सुकुम्बासीहरू बस्दै आएका हुन । आफूहरूले यहाँ बसेर कुनै गैरकानुनी काम नगरेको दाबी उनीहरूको छ ।

उक्त घर ६ वर्षदेखि त्यत्तिकै छाडिएको थियो र घर लथालिङ्ग अवस्थामा थियो भन्दै त्यहाँ बस्ने सुकुम्बासीले भनेका छन्- सम्भव भएसम्म हामी यो घरमा लामो अवधि बस्न चाहन्छौं ।

पछि थाहा भयो कि यो घर त भारतीय हिराइन शिल्पा सेठ्ठीको पो रहेछ । उसै त सञ्चार माध्यमले आफुसँग सोध्दै नसोधी गर्भवती भएको समाचार लेखिदिए भनेर तनावमा रहेकी शिल्पाले घर कब्जा भएको समाचारपछि थप तनाव झेल्नुपरेको छ ।

## गरिब किसानबारे फिल्म

सिनेमाहरु प्रायस प्रेममय हुन्छन् । तर केही समयअघि मात्र भारतमा बनाइएको पिपली लाइभ नामको सिनेमाले भने यस्तो चलन तोडिदिएको छ । जसमा गरिब किसानका पीडा देखाइएको छ ।

भारतमा एउटा गम्भीर सामाजिक समस्या उत्पन्न भएको छ कि किसान आफूले लिएको ऋण तिर्न नसकेर आत्महत्या गरिरहेका छन् । ऋणका कारण आफ्नो घर जग्गा लिलाम भएको अवस्था हेर्न नपरोस् भनेर उनीहरु पहिले नै यस धर्तीबाट बिदा हुने घटना भारतमा दिनदिनैजसो भइरहन्छ । यसै विषयवस्तुमा फिल्म बनेको छ ।

जसअनुसार सिनेमा एउटा नत्था नाम गरेको विपन्न किसान र उनको परिवारको वरपर घुमेको छ । सिनेमाको मुख्य पात्र पिपली गाउँका बासिन्दा नत्था र उनका दाइ बुधियाले



आमाको उपचारका लागि ऋण लिएका हुन्छन् तर तिर्न सकेको हुँदैनन् । यही कारण भएको जमिन पनि लिलाम हुने डरले उनीहरु सताइन्छन् ।

एक दिन दाजु बुधियाले आफूले आत्महत्या गर्न लागेको भाइलाई बताउँछ । यसरी ऋण तिर्न नसकेका किसानले आत्महत्या गरेपछि सरकारले उनीहरुका परिवारलाई केही राहत दिने घोषणा गरेको हुन्छ । आफूले आत्महत्या गरेपछि त्यो राहत लिएर ऋण तिर्न तथा भाइका छोराछोरी पढाउन सहज हुने प्रस्ताव बुधियाले भाइसमक्ष राख्छन् । तर भाइ नत्थाले दाजुको सट्टा आफूले आत्महत्या गर्ने अड्डी लिन्छन् ।

यो कुरा गाउँको स्थानीय पत्रकारले थाहा पाएर पत्रिकामा समाचार प्रकाशित गर्छ । त्यसैका आधारमा टेलिभिजन च्यानलहरुले नत्थालाई पूरै घेर्छन् र हरेक कुरालाई ब्रेकिङ समाचारका रुपमा दिन्छन् । यस्तो घटनापछि आत्महत्या गर्न तम्सिएको नत्था एकाएक सञ्चार माध्यम, नागरिक समाज र राजनीतिज्ञहरुको आकर्षणको केन्द्र बन्छन् ।

ऊ कुन बेला आत्महत्या गर्छ भनेर कुरेर बसेका सञ्चार माध्यमले ऊ चर्पी गएको समाचारसमेत दिइरहे । हरेक कुरा समाचार बनाइरहे । कसैले धारा बनाइदिने, कसैले पढाइदिने

जस्ता थुप्रै सहयोगका घोषणा पनि आए। खासगरी सञ्चार माध्यमले गरेका हरेक कुराको निरन्तर निगरानीका कारण नत्था हैरान भएर त्यहाँबाट बेपत्ता भए। नत्था कुन बेला मर्छ र प्रत्यक्ष प्रसारण गरौंला भनेर बसेका टेलिभिजन क्यामेरा छक्क परे।

यो फिल्मले भारतीय गरिब किसानले भोग्नुपरेका अवस्था, अनि त्यसका आधारमा नेता र गाउँका ठालुले उठाउने फाइदा तथा सञ्चार माध्यमले कसरी अनावश्यकरुपमा मुद्दा उचाल्छन् र अरुलाई वाक्कदिक्क लगाउँछन् भन्नेबारे छर्लङ्ग पारेको छ।

## विश्वकै महङ्गो घर


विश्वका करोडौं मानिस मुन्टो लुकाउने ठाउँ नभएकाले पुलमुनि वा खुला आकाशमुनि सुत्न बाध्य छन्। हाम्रो छिमेकी देश भारतमै पनि लाखौं मानिस आफ्नै ओत लाग्ने ठाउँ नभएका कारण खुला ठाउँमा सुत्छन्।

तर यही भारतमा हालसालै विश्वकै सबैभन्दा महङ्गो घर बनेको छ। विश्वका धनीहरुको सूचीमा पाचौं नम्बरमा रहेका भारतीय उद्योगपति मुकेश अम्बानीले मुम्बईमा बनाएको यो घर २७ तलाको छ।

उनले यो घर बनाउनका लागि करिब डेढ खर्ब नेपाली रुपियाँ खर्चेका छन्। जुन घरमा मुकेश, उनकी श्रीमती र तीन छोराछोरी बस्नेछन। यिनको खुद सम्पत्ति ४३ अर्ब अमेरिकी डलर मूल्याङ्कन गरिएको छ।

यो घरको नाम एन्टिलिया राखिएको छ। कुनै काल्पनिक सामुद्री टापुको नाम हो- एन्टिलिया। यो घरको पार्किङ तथा मोटरकारको मर्मतसम्भार सुविधा, बगैंचा, मनोरञ्जन तथा दृश्यावलोकनका लागि कौशीमा विशेष व्यवस्था गरिएको छ। अनि यो घरमा हेलिप्याड पनि छ। जहाँ हेलिकोप्टर बसाल्न मिल्छ।

अम्बानीले यो घर बनाउनका लागि सन् २००२ मा अल्टामाउन्ट रोडमा ४९ हजार वर्ग फीट जग्गा किनेका थिए। यो घरमा ६०० सय व्यक्तिले काम गर्नेछन्। जुन घरको एक महिनाको बिजुली खर्चमात्रै करिब ७० लाख रुपियाँ तिर्नुपरेको खबर सञ्चार माध्यमले दिएका थिए। सरकारले नेपालमा मुक्त कमैयालाई घर बनाउन प्रतिपरिवार १० हजार रुपियाँ दिने गरेको छ। त्यही पैसामा कतिपयले घर पनि बनाएका छन्। यसरी हेर्दा अम्बानीले बनाएको यो एउटा घरको पैसाले १० हजार खर्च लाग्ने १५ लाख घर बनाउन पुग्छ। जुन घर नेपालका सबै भूमिहीन सुकुम्बासीका लागि पुग्न सक्छ। ■



# सत्य र सहयोगले दिएको खुशी

– मलाया लोध

म गुलरिया नगरपालिका ११ पकडिया गाउँमा बस्छु । पत्नी, छोरा छोरी र नाति/नातिनीसहित १५ जनाको परिवार छ । बुबाको पालादेखि नै सोही गाउँका जमिनदार राजेश्वरप्रसाद बानिया र मूल चन्द शाहको जमिन जोत्दै आएका थियौं । जोतेकै आधारमा रामेश्वरको जमिनमा ६ कट्ठा १० धुरमा र मूल चन्दको १ बिगाहा जमिनमा पनि मोही लाग्यो । जमिन निरन्तर जोत्दै जाँदा जमिनदारबाट धेरै दुःख सहनुपऱ्यो । मोहीबाट हटाउन उनीहरुले जग्गा नै खोस्न खोजे । फेरि परिवारैले उनीहरुको जमिनमा सित्तैमा काम गर्न जानु पर्थ्यो । ६५ वर्षसम्म जमिनमा काम गरी हामीले उब्जाएको अन्नले उनीहरुलाई वर्षौंसम्म पुग्ने गर्छ तर तिनीहरुले त्यो बुझेर पनि बुझ पचाई उल्टै हामीलाई सित्तैमा काम लगाई गाली बेइज्जती गर्थे । उनीहरु निकै निर्दयी थिए ।

मोही लागे पनि यसको अर्थ धेरै बुझेको थिइन । मेरो बुबालाई एक जोर कुर्ता र धोती किनिदिई धम्काएर मूल चन्दले १ बिगाहा जमिनको लागत कट्टा गरेछन् । त्यतिखेर मलाई भूमि अधिकारको बारेमा थाहा थिएन । १ बिगाहाको मोही लागत कट्टा भएपछि ६ कट्ठा १० धुरमात्र मोही जमिन बाँकी रह्यो । मनमनै सोच्ने गर्थे- सबै जमिनदार उस्तै हुन, अब यो जमिन पनि जाने भयो । असाध्यै पिर पनि लाग्थ्यो ।

यत्तिकैमा २०६३ साल जेठ २० गते जिल्ला भूमि अधिकार मञ्चले सुरजपुर भूमि अधिकार मञ्च गठन गऱ्यो । त्यसमा म पनि सदस्य भएँ । भूमि अधिकार मञ्चमा सङ्गठित भएपछि धेरै पटक अगुवा प्रशिक्षण शिविरमा सहभागी भएँ । राष्ट्रिय भूमि अधिकार मञ्चको दोस्रो सम्मेलन दाङमा भयो, जहाँ म पनि सहभागी हुने अवसर मिल्यो । भूमिहीनको शक्ति थाहा पाएँ । जमिनदारहरु प्रायः सबै एउटै स्वभावका हुन्छन् । राजेश्वरले पनि जालसाँझी गरेर मोही लगत कट्टा गरेछ । त्यो कुरा मलाई थाहा भएन ।

आफूले जोतेको जमिन जोतरिहें । तर २०६४ सालमा उसले जिल्ला प्रशासन कार्यालयमा निवेदन दिएछ । जबर्जस्ती अर्काको जमिन जोतेको कारण देखाई जिल्लाबाट आएका पुलिसले मलाई जोत्दाजोत्दै समाते र जिल्ला प्रशासन पुऱ्याए । सिडियोसँग छलफल भयो । मेरा मोही प्रमाण देखाएपछि सिडियोले यसको फैसला गर्ने निकाय यो हैन, अदालत जानू भने । उसले जिल्ला अदालतमा मुद्दा हाल्यो । मैले पनि धरमराज वकिलबाट प्रतिउत्तर लगाएँ । तर वकिल बेइमान परेछ । मेरो तारेखको दिन आज छैन, अर्को दिनलाई सऱ्यो भनेर मलाई फर्कायो । आफ्नो वकिलले ठीकै भन्यो भनी विश्वास गरें । ऊ त जमिनदारको मान्छे पो परेछ । उसले जमिनदारबाट पैसा खाएको रहेछ । तारेखमा हाजिरी नभएको कारण देखाई मलाई मुद्दा हराए ।

म भूमिहीन, त्यसमाथि आफ्नो परिवारमा खानै नपुग्ने भएपछि शिक्षा पनि पाउन सकिन । लेखेको अक्षर नचिने पनि कागजपत्रहरु सुरक्षित राखेको थिएँ । म नपढेको भए पनि हार मानिन । जिल्लाकै पाण्डे वकिल लगाएँ । घरको खसी बेचेर मिसिल झिक्न लगाई २०६५ सालमा पुनरावेदन अदालतमा मुद्दा दिएँ । काठमाडौंका वकिल (पूरा नाम थाहा छैन) लगाएँ । जसलाई जिल्लाकै पाण्डे वकिलले चिनाए । काठमाडौंमा खान र बस्न सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले सहयोग गऱ्यो । सबैको सहयोग अनि मेरो सत्य र मेहनतले गर्दा २०६७ फागुनमा सर्वोच्चबाट ६ कट्ठा १० धुर पाउनेगरी मोही हक जिते । जमिनको हिसावले ३ कट्ठा ५ धुरको भए पनि जिल्लामा हराएको मान्छे सर्वोच्चबाट जितेकाले निकै खुशी भएँ । जमिनदारको अगाडि हिंड्दा छाती खोलेर हिंड्छु । यसमा धेरै गर्व लागेको छ ।

४ वर्षअगाडि मैले न्याय पाउँला कि नपाउँला भनी चिन्ता लागिरहेको थियो । तर आज भूमि अधिकार मञ्च र भूमि अभियानकर्मीको सहयोगले म पनि आफ्नै जमिनको संरक्षणकर्ता भएको छु । हिजो जमिनदारको जग्गामा उब्जनी गरी उसैको घरमा भित्र्याएको थिएँ भने आज उत्पादन बढाएर आफ्नै घरमा भित्र्याउन थालेको छु । लालाबाला पालेको छु । जमिन आफ्नो भएपछि काम गर्ने जोश र जाँगर पनि बढेको छ । साथै भूमि अधिकार आन्दोलनमा पनि अगुवा भएर निरन्तर लागिपरेको छु- अरुलाई पनि भूमि अधिकार चाहिन्छ भनेर । ■

- प्रस्तुति : हिमा सुनार

# खाली भयो के राख्ने ?

# पाठकको पातो

### ● गुठी सवाललाई कम स्थान दिइयो

भूमि अधिकार बुलेटिन मैले पाएसम्म अध्ययन गर्छु । अघिल्लो अङ्क वर्ष ९, पूर्णाङ्क २४ मा भूमि अधिकारबाट वञ्चित महिलाले भोगेका दुःख र पीडाको कथा व्यथा अध्ययन गर्ने मौका पाइयो । नेपालमा भूमि अधिकारबाट वञ्चितको सवाल धेरै छन् । जसमा हरुवाचरुवा, मोही, हलिया, कमैया गाउँब्लक, चुरेपीडित त्यस्तै गुठी समस्या पनि । त्यसैले भूमि अधिकार बुलेटिनमा गुठीको समस्यालाई त्यति स्थान दिएको देखिएन । नेपालको ६८ जिल्लामा गुठीको समस्या छ । तर पनि बुलेटिनमा गुठी जग्गा कमाउने किसानका समस्या कमै मात्रामा पढ्न पाइन्छ । आगामी अङ्कमा गुठी जग्गा कमाउने किसानका कथा व्यथालाई स्थान दिइयोस् ।

**– ओमकला कुमाल, पाल्पा**

### ● हामीमा साहस भरेको छ

भूमि अधिकार बुलेटिन वर्ष ९ पूर्णाङ्क २४ मा प्रकाशित तुलसी सुनारको “खुट्टा भाँच्चिए पनि हिम्मत त भाँच्चिएको छैन” भन्ने शीर्षकको अनुभूति पढने मौका पाएँ । उहाँले चितवनको मेडिकल कलेजको शैय्याबाट “एक दिन खुट्टा अवश्य जोडिनेछ । खुट्टा नजोडिए पनि बैशाखीको सहाराले आन्दोलनमा हिँड्नेछु तर भूमि अधिकार आन्दोलनमा सहभागी हुन छोड्ने छैन, भूमि अधिकार आन्दोलनका लागि जस्तोसुकै बलिदान दिन पनि तयार छु” भन्ने अभिव्यक्ति दिई भूमि अधिकार आन्दोलनमा क्रियाशील अगुवालाई साहस दिनुभएको छ । साथै आफूलाई भूमि अधिकार आन्दोलनको सच्चा सिपाही भएको प्रमाणित गर्नुभएको छ । वहाँको यो अभिव्यक्ति र आदम्य साहसले हामीलाई पनि उत्साही बनाएको छ ।

**– नारायणराम सार्की, बैतडी**

### ● सञ्चार माध्यमका रोचक गतिविधि नियमित गरौं

भूमि अधिकार बुलेटिन ढिलै भए पनि हामीले अध्ययन गर्ने मौका पाएका छौं । जुन पत्रिकाले नेपालका कुना काप्चाका गरिब भूमिहीनको आवाजलाई बाहिर ल्याइदिएको छ । हामी जस्ता अभियानकर्ताहरुलाई त यो बुलेटिनले ज्ञान र विचार दिएको छ । त्यसैले हामीमा लेख्ने हौसला र सिप थपेको छ ।

साथै भूमि अधिकार बुलेटिनमा कहिलेकहीँ यताउता शीर्षक राखी सञ्चार माध्यममा प्रकाशन भएका भूमिसम्बन्धी विचार तथा धारणा पनि आएको छ । जसले गर्दा जुन ठाउँमा पत्रपत्रिका पुग्दैनन्, त्यहाँका व्यक्तिहरुले पनि गरिबहरुको विषयमा सञ्चार माध्यममा आएका कुरा पढ्न पाएका छौं । अझ यसलाई नियमित गर्दै गएदेखि थप विचार बुझ्न पाइन्थ्यो । गाउँका कुनाकुनाका गरिबहरुले पनि ढिलै भए पनि खवर थाहा पाउँथे ।

**– टीका बोहरा, कृष्णपुर ८, कञ्चनपुर**

### ● सिकाई सामग्री

भूमि अधिकार बुलेटिन पढ्न मैले छुटाएको छैन । बुलेटिन अध्ययनपछि मलाई भूमि सिकाई केन्द्रमा छलफल गर्न सजिलो भएको छ । अझ सङ्घर्षको कथा र पीडितको आवाज समेटिएकाले छलफलमा सबैको चासो बढेको छ । बुलेटिनमा प्रकाशन भएका सबै लेख रचनाबाट आन्दोलनमा लागिपर्ने अगुवा, अभियानकर्तालाई अगाडि बढ्न थप मद्दत मिलेको छ ।

**– सीता भुजेल, राम्चे, सिन्धुपाल्चोक**

### ● खुशी भएका छन्

राष्ट्रिय आन्दोलनमा ५० जिल्लाका महिला राजधानीको खुल्ला आकाशमुनि बसी विभिन्न पार्टी कार्यालय तथा संविधान भवनमा गई धर्ना दिएका थिए । उक्त आन्दोलनपछि प्रकाशन भएको भूमि अधिकार बुलेटिन अङ्क २४ लाई आन्दोलनको विशेषाङ्क नै बनाइएको रहेछ । उक्त बुलेटिन आन्दोलनमा सहभागी गाउँ गाउँका महिला दिदीबहिनीहरुलाई पढी सुनाउँदा निकै खुशी हुनुभएको थियो ।

सुनिसकेपछि हामी गरिबको कुरा यसले समेटेछ । यो हाम्रो पत्रिका रहेछ भनी भलाकुसारी गरे । अझै भूमिहीनका सङ्घर्षका गतिविधि र स्थानीय सङ्गठन गतिविधिबाट सिकेर सबै सङ्गठनका सदस्यले हाम्रो र राम्रो सङ्गठन बनाउनुपर्छ भन्ने सुझाव पनि उनीहरुले दिएका छन् । आफैं पनि यो अभियानमा लागेका छन् ।

**– उद्धवप्रसाद पौड्याल, सिन्धुपाल्चोक**

## सूचना

यो पत्रिका तपाईंलाई कस्तो लाग्यो ? तपाईंले पनि भूमिअधिकार वा यो विषयसँग सम्बन्धित केही लेख्नुभएको छ ? तपाईंका गाउँठाउँमा पनि भूमिसम्बन्धी समस्या छन् ? हामीलाई पठाउनुहोस्। छोटा, मीठा र स्तरीय तथा गाउँघरका समस्याले प्राथमिकता पाउनेछन् । तपाईले पठाएको सामग्रीसँग सम्बन्धित तस्बिर छन् भने त झनै राम्रो ।

पठाउने ठेगाना : सामुदायिक आत्मनिर्भर सेवा केन्द्र, भूमिघर, धापासी
फोन नं. : ४३६०४८६, ४३५७००५ फ्याक्स : ४३५७०३३, पो.ब.नं. : १९७९०
ईमेल : landrights@csrcnepal.org